राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ३२, चैत ४ गते शुक्रबार, २०७८ (18 March, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# देशभर फागुको रौनक

## धार्मिक-सांस्कृतिक पर्व होली मर्यादित किसिमले मनाउन प्रशासनको आग्रह

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** प्रत्येक वर्ष फागुन शुक्ल अष्टमीका दिन धुमधामसँग मनाइने फागु अर्थात होली पर्व नेपालमा मात्र नभई विश्वभरका अन्य मुलुकमा समेत विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने गरिएको छ। राजधानी काठमाडौंस्थित वसन्तपुरको गद्दी बैठकअगाडि मैलको रूखलाई रंगीचंगी ध्वजापताका साथ सिंगारी गाडिएको चीरमा पूजाअर्चना गर्दै शुरु हुने फागु अर्थात होली पर्व टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बाहालदेखि कतै नबिसाई ल्याइएको दश पाथी चामलको भारत र राँगाको मासु खुवाई सैनिक अस्पालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने प्रचलन रहँदै आएको छ।



विश्वभरका विभिन्न देशमा फरक फरक नामबाट मनाइने पर्व फागुलाई आपसी सद्भाव एवं सामाजिक एकतालाई प्रवर्द्धन गर्ने मूल उद्देश्यका साथ मनाउने गरिन्छ। फागु पूर्णिमा त्रेता युगमा दैत्यराज हीरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी तर प्रह्लाद शकुसल रहेको कथा यस पर्वसँग जोडिन्छ। उसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने नकारात्मक प्रवृत्तिकी प्रतीक होलिका मारिएको र द्वापरयुगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भएर मारिएकी र त्यसलाई व्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख भएको पाइन्छ।

राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ। बालिएको चीरको धुवाँबाट

क्रमशः अन्तिम पृष्ठमा

## 'ओलीकै कारण सरकार-पार्टी दुवै स्वाहा' : घनश्याम



**काठमाडौं ।** नेकपा (एमाले)को दोस्रो पुस्ताका चर्चित एवं प्रभावशाली नेता घनश्याम भूसालले सोही पार्टीका अध्यक्ष खड्ग ओलीमाथि फेरि एक पटक चर्को प्रहार गरेका छन्। गतवर्ष ओली समूह 'विरोधी' खेमाका मुख्य नेता बनेर ओलीलाई 'सच्याउन' वा 'विस्थापित' गर्न 'निर्णायक' अन्तर्सघर्ष चलाएको पक्षबाट अन्ततः ओली समूहसँगै 'आत्मसमर्पण' गरेका बहुचर्चित 'दसभाइ' वा 'विस्थापित' गर्न 'निर्णायक' अन्र्तसंघर्ष चलाएको पक्षबाट अन्ततः ओली समूहसँगै 'आत्मसमर्पर्ण' गरेका बहुचर्चित 'दसभाइ' मध्येका एक मुख्य पात्र भुसालले मंगलबार फेरि ओलिमाथि 'हमला' बोलेका हुन्।

'हरेक राजनीतिक संगठन आफैंभित्र अन्तरविरोधका अनेक रूप र प्रक्रियाबाट गुज्रिरहेको हुन्छ। योग्य नेताले अन्तरविरोधको समाधान संस्थागत विधिका आधारमा खोज्छ भने अयोग्य नेताले हरेक समस्याको समाधान आफ्नो निजी विवेकमा खोज्छ। निजी विवेक भनेको निजी स्वार्थ हो।

क्रमशः अन्तिम पृष्ठमा

## खुसीरामले देख्नै नपाएको खुसी



समय-सन्देश
केदारनाथ गौतम

पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ संस्थापक रहेर १० वैशाख, २००६ (२२ अप्रिल, १९४९) मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो। स्थापनाको केही समयमै मनमोहन अधिकारी, तुलसीलाल अमात्य, निर्मल लामा, केशरजङ्ग रायमाझीलगायत पनि नेकपामा आबद्ध भए। केही समयपछि मोहनविक्रम सिंह, मोहन वैद्यलगायत पनि सोही पार्टीमा जोडिँदै गए।

पुष्पलाल श्रेष्ठ संस्थापक महामन्त्री (हालको शब्दावलीमा महासचिव) रहेको नेकपामा महाधिवेशनपछि पहिलो महामन्त्री मनमोहन, दोस्रो महामन्त्री तुलसीलाल र तेस्रो महामन्त्री रायमाझी बने। वि.सं. २००८ को पहिलो राष्ट्रिय सम्मेलन लगत्तैदेखि विभाजनको रेखा कोरिएको नेपाल कम्युनिस्ट पार्टी २०१९ मा सम्पन्न तेस्रो राष्ट्रिय महाधिवेशनलगत्तैको फुट पछि दुई धारमा विभक्त भयो। 'माले स्कुलिङ' का रूपमा चिनिने एउटा धार को-अर्डिनेसन केन्द्र, माले-मार्क्सवादी हुँदै एमालेका रूपमा अगाडि आयो; 'चौम स्कुलिङ' का रूपमा चिनिने अर्को धार चौम, मसाल, मशाल, एकताकेन्द्र हुँदै माओवादीका रूपमा अगाडि आयो।

नेपाली कम्युनिस्ट आन्दोलनको विकासक्रमसँगसँगै प्रगतिशील एवम् जनवादी साहित्य-कला-संस्कृति पनि विकसित हुँदै आएको छ। कम्युनिस्ट आन्दोलनकै अभिन्न अङ्गका रूपमा हुर्कंदै आएको जनवादी गीत-सङ्गीतका क्षेत्रमा रामेश श्रेष्ठ, रायन श्रेष्ठ, जेबी

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ३२, चैत ४ गते शुक्रबार, २०७८

## सम्पादकीय

# भीम रावल-घनश्यामहरू र एमाले नेतृत्वपङ्क्ति...

वैधानिक हिसाबले मुलुकमा हालसम्म ठूलो राजनीतिक दलका रूपमा अस्तित्ववान् नेकपा (एमाले) यतिबेला विचित्रको अवस्थाबाट गुज्रिरहेको छ। स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभा तथा राष्ट्रिसभा समेतमा 'पहिलो दल' का रूपमा रहेका एमाले स्थानीय तहबाहेक सबैतिर पूर्णरूपमै प्रतिपक्षमा खुम्चन पुगेको छ।

सत्ता-शक्तिका हिसाबले मात्र नभई आन्तरिक सङ्गठनात्मक हिसाबले समेत एमालेभित्र विचित्रको अवस्था देखापरेको छ। अघिल्लो कार्यकालमै उपाध्यक्ष, महासचिवजस्ता ओहोदामा रहेका कतिपय नेताहरू ज्यादै निरीह, भूमिकाविहीन र उपेक्षित अवस्थामा पुगका छन्। रोलक्रम र पहिलेको वरीयताका हिसाबले कल्पनै गर्न नसकिने खालका कयौं पात्रहरू भने एकाएक पदाधिकारी तथा शीर्ष नेतृत्वपङ्क्तिमा विराजमान देखिएका छन्। एक हिसाबले भन्ने हो भने सत्ताको अवसर पाउँदा एमालेले जति ठूलो बद्मासी, बेइमानी र दुरुपयोग गऱ्यो; आन्तरिक नेतृत्व चयन र सङ्गठनात्मक बाँडफाँटमा पनि ठ्याक्कै सोही शैलीको दुरुपयोग र अत्याचार भएको छ।

हुन त एमालेभित्रको आन्तरिक मामिला उसैका कुरा हो, अरुलाई 'लुतो न कन्याइ' पनि भन्न सकिन्छ/भन्नेहरू छन्। तर, कुनै पनि राजनीतिक दलका आन्तरिक र बाह्य मामिला, व्यवहार र क्रियाकलाप केवल सोही दलका नेता-कार्यकर्तामा मात्रै सीमित रहने 'आन्तरिक विषयवस्तु' किमार्थ हुँदैनन्/होइनन्। राष्ट्र र जनताले निकै ठूलो लगानी, त्याग र समर्पण गरेर जन्माए-हुर्काएको र पालन-पोषण गरिरहेको अनि राष्ट्र र जनताको जीवनलाई सोझै प्रभावित तुल्याउने संयन्त्र भएको नाताले जुनकुनै राजनीतिक दल राष्ट्र र जनताका सबै तह-तप्काको चासोको विषय हुन्छ/हुनुपर्छ। त्यसैले, जहाँकहीं पनि अन्याय-अत्याचार र व्यभिचार-दुराचार हुनु हुँदैन/गर्न पाइँदैन।

# समयको हुरीले उडाएको वैदेशिक रोजगारीका सपना

◆ नवदीप श्रेष्ठ

रसुवाका गोविन्दप्रसाद न्यौपानेको साइकललाई मलेसियामा कारले ठक्कर दियो। उहाँ घाइते हुनुभयो। उहाँ कारवालासँग मुद्दा लड्नुभयो। पैसा पनि सकियो, शरीर पनि नचल्ने भयो। गलत ठाउँमा साइकल चलाएको भनेर उहाँले मुद्दा पनि हार्नुभयो।

नुवाकोट, लिखुका सागर राई कामका लागि कुवेत पुग्नुभयो। भुइँचालोले भत्काएको घर बनाउँदाको ऋण तिर्न भनेर काममा खटिइरहनुभयो। उहाँ उतै बित्नुभयो तर प्रवेशाज्ञावधि सकिएपछि पनि बसेका कारण बीमा, क्षतिपूर्ति केही पाउनुभएन।

विदुरकी एक युवतीले चार वर्ष जोर्डनबाट नेपाल पैसा पठाइरहनुभयो। उहाँका पतिले पैसा उडाइरहनुभयो र अर्कै महिलालाई लिएर भारततिर भासिनुभयो। पैसा र पति सबै गुमाएका उहाँ ऋण तिर्ने पैसा कमाउन कुवेत जाने तयारीमा हुनुहुन्छ।

यस्ता अत्यास लाग्ने कथा समाजमा धेरै छन्। सुन्दर दिनको सपना साँचेर यसरी बिदेसिनेहरू यस्तै कथाका पात्र बन्दै दुखेको जीवन लिएर बाँचिरहेका छन्।

वैदेशिक रोगजारीमा गएका एक जनाका भरमा सिङ्गो परिवार आश्रित हुन्छ। परिवारको मियोकै विदेशमा रोजगारीको सिलसिलामा निधन हुने, घाइते हुने, आजीवन अपाङ्गता हुने जस्ता अवस्थाले समग्र समाजलाई दुखाएको छ। यसबाट परिवारलाई पर्ने आर्थिक, मानसिक र सामाजिक क्षतिको पूर्ति कसै गरे पनि सम्भव छैन। फलतः दुःखका कथाको उत्पादन, पुनरुत्पादन रोकिएको छैन।

हो, त्यसरी दुःखको उत्पादन र पुनरुत्पादनका चक्रमा पर्नेमध्ये रसुवा, कालिका गाउँपालिका-५, भोर्लेका गोविन्दप्रसाद न्यौपाने पनि हुनुहुन्छ। उहाँको कथा अकल्पनीय ढङ्गले पीडादायी हुन पुगेको छ। उहाँ मलेसियाबाट आफ्नो जिन्दगी ठीकठाकै चलाएर पनि घरपरिवारको भविष्य सुरक्षित गर्दै हुनुहुन्थ्यो। वैदेशिक रोजगारीमा गएपछि भएको कमाइले उहाँ नुवाकोटको बट्टारमा घडेरी किनेर घर बनाउन सफल हुनुभयो। पहिलो पटक सन् २००५ मा मलेसिया पुग्नुभएका उहाँको मासिक तलब रु ५६ हजार भए पनि ओभरटाइम खटेर रु ७० हजारसम्म कमाउँदै आउनुभएको थियो। होटेलमा काम गर्ने न्यौपानेको दिनचर्या पनि सहज थियो।

'दसा बाजा बजाएर आउँदैन' भनेजस्तै भयो उहाँको जीवनमा पनि। उहाँ विसं २०७२ असार १ गते साइकलमा कार्यालय जाँदै हुनुहुन्थ्यो। उहाँको साइकललाई कारले ठक्कर दियो। दुर्घटनामा उहाँको मेरुदण्ड भाँचियो। उहाँ मलेसियाको अस्पतालमा पाँच वर्षसम्म उपचार गराउँदै क्षतिपूर्तिका लागि कानुनी लडाइँ लड्नुभयो तर साइकललाई ठक्कर दिने कारवालासँगको मुद्दामा पराजित भएर निरास हुँदै २०७८ पुस १९ मा नेपाल फर्किनुभयो। मेरुदण्ड भाँचिएका कारण उहाँको शरीर चल्दैन। बोल्न भने सक्नुहुन्छ। मुद्दा जितेको भए उहाँलाई केही क्षतिपूर्ति आउने थियो। उहाँ तल्ला अदालतमा मुद्दा जित्दै पनि जानुभएको थियो तर, साइकल गुडाउन नपाइने सडकमा गुडाउँदा दुर्घटना भएको जनाउँदै त्यहाँको सर्वोच्च अदालतले भने हराइदियो। "उपचार र कानुनी लडाइँमै पाँच वर्ष बित्यो। आफूसँग भएको रु १४ लाख सकियो। कोर्ट फिमा आफ्ना पक्षको वकिलले सहयोग गरेको थियो। पछि मुद्दा नै हारेपछि वकिलले दिनुपर्ने पैसा पनि नदिई उसलाई थाहै नदिई नेपाल आएँ", न्यौपानेले वृत्तान्त सुनाउनुभयो। त्यहाँ उहाँको रु एक करोडभन्दा बढी खर्च भयो। कारवालासँग मुद्दा लडेका कारण उहाँ कार्यरत कम्पनीले पनि सहयोग गरेन। "मुद्दा नलडेको भए कम्पनीले केही सहयोग गर्थ्यो होला", उहाँलाई यस्तो लाग्छ किनकि अदालतमा मुद्दा चलेकाले कम्पनीले सहयोग गर्न मिल्दैन भन्यो।

मलेसियामा कमाएको पैसा सकेर उल्टै ऋणमा डुबेर घर फर्कनुभएका न्यौपाने अहिले अर्काका सहारामा हुनुहुन्छ। उहाँले नेपाल आएपछि बिमावापतको रु ६ लाख ५० मात्र प्राप्त गर्नुभयो। अहिले विदुर-२, बट्टारमा बस्दै आउनुभएका न्यौपानेको दिनचर्या ह्विलचेयरमा पूर्ण रूपमा अरूमा निर्भर छ। आवश्यक औषधि नेपालमा नपाइने भएकाले विदेशबाट नै किन्नु परिरहेको र खर्च जुटाउन सधैँ समस्या हुने गरेको न्यौपानेकी श्रीमती रोशनी घिमिरे बताउनुहुन्छ।

वैदेशिक रोजगारीमा जानेहरूको आमसपना नै घरपरिवारलाई आर्थिक रूपमा सम्पन्न बनाउँदै सन्तानको शिक्षादीक्षामा सहयोग गर्ने हो। समयको हुरीले खुशी हुने तिनै सपनालाई अकल्पनीयरूपमा उडाइदिन्छ। यस्तैमध्येकी अर्की पात्र लिखु गाउँपालिका-५, थानसिङकी सान्नानी राई हुनुहुन्छ। सान्नानीका पति सागर वैदेशिक रोजगारीका लागि कुवेत जानुभएको थियो। तीन वर्ष काम गर्ने श्रम स्वीकृति लिएर बिदेसिनुभएका राईले अवधि सकिएपछि पनि काम गरिरहनुभयो। भूकम्पले ढालेको घर बनाउँदा लागेको ऋण घटाउनका लागि उहाँ श्रमावधि थप नगरी काममा खटिरहनुभयो। श्रमावधिभन्दा बढी बसेर काम गरिरहनुभएका राई २०७७ असारमा बिरामी पर्नुभयो। विसं २०७७ को दसैँमा घर आउने बताउनुभएका राई असार २८ मा उपचारका क्रममा कुवेतमै बित्नुभयो। सान्नानीसँगै खुशी भएर ऋणमुक्त जीवन बाँच्ने सागरको सपना पूरा हुन पाएन।

उहाँ बिते पनि उहाँले पाउनुपर्ने बिमा वैदेशिक रोजगार बोर्डबाट पाउनुपर्ने जस्तो पत्नी सान्नानीलाई लाग्छ तर उहाँ क्षतिपूर्तिको रकम पनि नपाएको बताउनुहुन्छ। उहाँलाई बताइएअनुसार सागर तोकिएको श्रमावधिभन्दा बढी बसेका कारण उहाँले सरकारबाट पाउनुपर्ने रकम नपाएको हो। श्रम स्वीकृति अवधिमा ज्यान गएको भए बिमा र बोर्डबाट गरी रु १४ लाख परिवारले प्राप्त गर्न सक्थ्यो। सुरक्षित वैदेशिक रोजगारसम्बन्धी काम गर्दै आएको सामी परियोजना नुवाकोट संयोजक नीरू सुचीकारका अनुसार श्रम अवधिभन्दा बढी समय बस्न नहुने र बस्ने नै भए श्रमावधि थपेर मात्र बस्नुपर्छ भन्ने सचेतनाको अभावले परिवारले आफ्नो सदस्य गुमाउँदा पनि पाउनुपर्ने रकम प्राप्त गर्नबाट वञ्चित हुने अवस्था रहेको छ।

वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएका तथा घाइते एवं अपाङ्गता भएका नागरिकका सन्तानलाई १२ कक्षासम्म अध्ययनका लागि छात्रवृत्ति दिने व्यवस्था भए पनि श्रमावधि गुज्रिएपछि राईको मृत्यु भएको कारण उनका दुई सन्तानले छात्रवृत्तिसमेत प्राप्त गर्न सकेनन्।

"ऋण घटाउनका लागि अवधि सकिएपछि पनि उहाँ बस्नुभयो। त्यसरी बस्दा के-के गर्नु पर्थ्यो, मलाई थाहा भएन। उहाँ बितेपछि कहीँकतैबाट केही सहयोग पाइएन। बढी बसेको भनेर दिन मिल्दैन भने", उहाँले भन्नुभयो। श्रीमान्को कम्पनीबाट पाउनुपर्ने बाँकी तलब रु दुई लाख भने जिल्ला प्रशासन कार्यालय, नुवाकोटमार्फत प्राप्त गरेको उहाँले जानकारी दिनुभयो।

वैदेशिक रोजगारीमा पुरुष विदेश जाँदा महिलाले लान्छना भोग्नुपर्ने र कतिपय महिला पतिको सम्पत्ति लिएर परपुरुषसँग हिँड्ने वा दोस्रो विवाहसमेत गर्ने गरेका घटना फाट्टफुट्ट सार्वजनिक भइरहन्छन्। पति विदेश जाँदा मात्र होइन, पत्नी गएपछि यता रहेका पतिले पनि पत्नीले कमाएको पैसा सकेका मात्र हैन, अर्की श्रीमती लिएर बेपत्ता भएका घटना पनि देखिन थालेका छन्। विदुर-७ की ३३ वर्षीया एक युवती त्यस्तै घटनाकी एक पीडित हुन्। वैदेशिक रोजगारीमा गएर कमाएको पैसा पतिले सकाइदिएपछि उनी अहिले फेरि विदेश जाने तयारीमा छन्।

उनले चार वर्ष जोर्डनमा बसेर काम गरिन्। उनी विसं २०७८ असारमा नेपाल फर्किए पनि न आफूले कमाएको पैसा पाइन्, न त पति नै भेट्टाइन्। उनी नेपाल आउने भएपछि पति अर्की महिला लिएर भारततिर भागिसकेका थिए। "विदेश जाँदाको ऋण तिर्न, घर खर्च र जग्गा किन्न भनेर चार वर्षमा ११ लाख रूपैयाँ पठाएकी थिएँ", उनले भनिन्, "नेपाल आउँदा पैसा पनि छैन, पति पनि बेपत्ता भए। जग्गा किन्ने भनेको थियो तर किनेको रैनछ। भारततिर भागेको छ भन्ने सुनेँ, कता छ, केही पत्तो छैन।"

कक्षा ७ सम्म अध्ययन गरेकी उनी दुई छोरालाई छाडेर फेरि कुवेत जाने तयारीमा छिन्। "पहिले कमाएको पैसा बुढाले उडाएर सकाइदिए। अब आफ्ना लागि कमाउन जान लागेको हो", उनी भन्छिन्, "असारमा आएकी हुँ, अहिलेसम्म यता केही काम गर्न सकिएन। त्यसैले फेरि जान लागेँ।"

**विदेश जानेको ताती**

एकपछि अर्को कठिनाइ आइपरे पनि विदेश जानेको लर्को कायमै छ। कोरोना भाइरसको सन्त्रास हट्दै गएको र विदेशमा पनि कोरोनाकै कारण लागेका प्रतिबन्ध हट्दै गएका कारण नेपालीहरू धमाधम खाडी मुलुकमा

क्रमशः पाँचौं पृष्ठमा

# खुसीराम...

टुहुरे, खुसीराम पाखिन, मणि थापा, जीवन शर्मालगायतको निकै ठूलो योगदान छ। यीमध्ये रामेश र जेबी 'माले स्कुलिङ' तर्फका सांस्कृतिक हस्ती थिए भने रायन, खुसीराम, मणि, जीवनहरू 'चौम स्कुलिङ' तर्फका सांस्कृतिक हस्ती हुन्।

नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी ('र्‍याडिकल') धारतर्फका अग्रणी स्रष्टा, सर्जक, गायक एवम् सङ्गीतकार खुसीराम पाखिको जन्म ९ कात्तिक, २००९ (वि.सं.) मा गोरखामा भएको थियो। पछि उनको परिवार चितवन बसाइँ सरेको थियो। चितनवनको एक कार्यक्रममा गीत गाउँदागाउँदै ५ मङ्सिर, २०७४ मा (६४ वर्षको उमेरमा) उनको निधन भयो। साढे तीन दशक अनवरतरूपमा गरिब, दुःखी र निमुखाको पक्षमा गीत लेखेका, सङ्गीतसिर्जना गरेका अनि गाएका पाखिनको निधनसँगै नेपाली प्रगतिशील-जनवादी सांस्कृतिक आन्दोलनको एउटा धरोहर गुम्यो, वस्तुतः एउटा पुस्ता नै ढल्यो।

चौमकालदेखि कम्युनिस्ट पार्टीमा आबद्ध खुसीराम नेकपा (मशाल) को गठनसँगै थप सक्रिय भए। नेकपा (एकताकेन्द्र) कालदेखि क्रियाशील रहँदै आएको सो पार्टीसम्बद्ध 'अखिल नेपाल जनसांस्कृतिक महासङ्घ' मा आबद्ध रहेका खुसीराम सोही मोर्चा अन्तर्गतको जनसांस्कृतिक टोली 'सामना परिवार' का मुख्य हस्ती थिए। नेपालमा नयाँ जनवादी गणतन्त्रको स्थापना गर्दै वैज्ञानिक समाजवादको स्थापना गरेर अन्ततः विश्व साम्यवादसम्म पुग्ने लक्ष्यका साथ दस वर्षसम्म चलेको सशस्त्र माओवादी जनयुद्धका एक सक्रिय नेता, जनसांस्कृतिक अगुवा र प्रेरणा-ऊर्जाका पुञ्ज थिए खुसीराम।

दसवर्षे जनयुद्धकै सिलसिलामा खुसीरामका छोरा अमर पाखिन 'दोर्जे' लाई लमजुङको नाल्मा भन्ने ठाउँमा सेनाले गोली हानी २०५८ मा हत्या गऱ्यो। माओवादी जनमुक्ति सेना र जनकलाकार समेत रहेका उनका एक मात्र छोरा सहिद बने। दोस्रो संविधानसभा (२०६४) मा माओवादीबाट समानुपातिक सभासद् बनेका पाखिनले अरु कुनै राजकीय ओहोदा र 'लाभका पद' हासिल गरेनन्।

पाखिनले पञ्चायतकालको उत्तरार्द्धतिरै आफ्ना सयवटा गीतहरू सङ्ग्रह गरी 'आँशुको भाका' शीर्षकको कृति (गीतिसङ्ग्रह) प्रकाशित गरेका थिए। बहुचर्चित चुनबाङ बैठकपछि सोही स्थानमा प्रदर्शित माओवादीका शीर्ष नेताहरूलाई धरधरी रुवाएको सांस्कृतिक कार्यक्रममा 'युद्धभूमिबाट फर्कँदा' शीर्षक गीतिनाटक (अपेरा) पाखिनकै रचना, सङ्गीत, गायन र निर्देशनमा प्रस्तुत भएको थियो। उक्त प्रस्तुति निकै पछिसम्म चर्चित रह्यो; क्रान्तिकारी सांस्कृतिक आन्दोलनको एउटा महत्त्वपूर्ण कोसेढुङ्गा नै बन्न पुग्यो।

नेपालका सबैजसो गाउँबस्ती र भुपडीसम्म डुलेर जनताका गीत गाएका पाखिनले श्रम गरेर नेपालीहरू बसेका कयौं भारतीय गाउँ, सहर र गल्लीसम्म पनि पुगेर क्रान्तिकारी गीत घन्काए; जागरणको सन्देश फैलाए। 'सामना' का श्रृङ्खलाबद्ध एल्बमहरू र अरु अनेकौं सङ्कलहरूमा उनको रचना, सङ्गीत र स्वरमा सयौं गीत रेकर्डेड छन्। रेकर्ड नगरिएका पनि अरु सयौं जनवादी गीत पाखिनले सिर्जेका छन्; गाएका छन्। पाखिनका गीत सुनेरै आफू माओवादी बनेको बताउने दर्जनौं केन्द्रीय र विभिन्न स्तरका सयौं नेता-कार्यकर्ता राजनीतिमा सक्रिय भेटिन्छन्।

पाखिनको वर्गचेत र वर्गपक्षधरता पुष्टि गर्ने निकै पुरानो र सर्वाधिक लोकप्रिय उनको एउटा गीतका पङ्क्ति यस्ता छन्-

*गैती-बेल्चा उचालेर*
*पहरालाई छिचोलेर*
*डाँडाकाँडा बाटो बनायो*
*के पायो नि कुल्ली दाइले*
*खे खायो नि कुल्ली भाइले*
*अर्कैले ट्याक्सी गुडायो...*

पाखिनको अर्को लोकप्रिय र भन् पुरानो यो गीतका यी पङ्क्ति पनि हेरौं-

*कालो वनको बीचैमा खेतालाको गाउँ*
*साना-साना झुपडी छैनन् आमा-बाउ*
*साना-साना नानीहरू खेलिरहने ठाउँ*
*हाम्रो देशको अवस्था हेर्न त्यहाँ जाऔं...*

आफूले जीवनभर गरेको सङ्घर्ष र त्यागबाट अपेक्षित उपलब्धि भने हासिल नभएको पाखिनको बुझाइ थियो। 'अझै पनि अरुभन्दा त अहिलेकै भए पनि माओवादी पार्टी नै असल छ,' जीवनकालको अत्यतिर यस पङ्क्तिकारसँग पाखिनले भनेका थिए- 'तर, नयाँ जनवाद स्थापना गरेर समाजवाद हुँदै साम्यवादसम्म पुग्नु हाम्रो मुख्य आदर्श हो, हाम्रो जीवनकालमा त्योचाहिँ सम्भव हुने छाँट देखिएन।' पाखिनको यो गीतका यी पंक्तिले पनि उनका यिनै भनाइको पुनर्पुष्टि गर्दछन्-

*यो मुक्तियात्रामा*
*धेरै काट्यौं उकालो,*
*अझै काट्नु छ*
*आइपुग्यौं नेटोमा,*
*शिखर पुग्न बाँकी छ*
*हजार बाधा अप्ठ्यारालाई*
*पन्छाएर आयौं*
*हजार घुम्ती मोडहरू*
*पार गरेर आयौं*
*कति तन्यौं रगतका राता नदीहरू*
*कति ढले हाम्रा असल*
*प्यारा साथीहरू*
*यो मुक्तियात्रामा...*
*हिँड्दाहिँड्दै थलो बसे*
*बीचमै थाकेहरू*
*बाटो छोडी पाखा लागे*
*गोडा काँप्नेहरू...*

'केन्द्रीकृत सामन्ती राजतन्त्रको त अन्त्य भयो तर छोटे राजाहरू अझै पनि छ्याप्पछ्याप्ती बाँकी नै छन्,' पाखिनले भनेका थिए- 'हामी आफैं पनि बरालियौं र बिग्रियौं, कता हरायौं-हरायौं।' त्यो वार्तालाप र पाखिनका भनाइ तथा उनका सिर्जनाहरूको विश्लेषणबाट निस्कने निष्कर्ष हो- खुसीरामले खोजेको खुसी जीवनकालमा उनले भेटेनन्!

**न्युजकोसेली**बाट

# 'गठबन्धनको आडमा जितौंला भन्ने विचार त्यागौं'



दस्तावेज

पुष्पकमल दाहाल 'प्रचण्ड'

हामीले धेरै पटक पार्टीलाई क्रान्तिकारी पार्टी बनाउने भनेर भनिराख्यौं, विचारलाई पनि क्रान्तिकारी ढंगले विकास गर्ने हो भनिराख्यौं । धेरै समयदेखि हामीले समाजवादको आधार निर्माण गर्ने कुरा पनि गरिराख्यौं । तर व्यवहारमा क्रान्तिकारी विचारको विकासमा उल्लेख्य प्रगतिको महसुस हामी कसैले गरेनौं । क्रान्तिकारी पार्टी निर्माणमा रूपान्तरणको प्रक्रिया सुरु भएको भन्ने हामी कसैले खासै महसुस गरेनौं । कुरा गरिन्छ तर उपदेशजस्तो । कुराका लागि कुरा गरेजस्तो ।

हाम्रो संगठनको स्थिति, नेता तथा कार्यकर्ताको वैचारिक स्तर हेर्दा, हाम्रो आचरण हेर्दा दिन प्रतिदिन कम्युनिस्ट आचरणबाट स्खलननतिर बढिरहेको जस्तो, विचलन जस्तो । पार्टीभित्र वैचारिक/राजनीतिक अस्पष्टता, गुटबन्दी, व्यक्तिवाद, अराजकता बढ्दो छ । सबै पदलोलुप भएजस्तो छ ।

यही पार्टी हो हिजो क्रान्तिको समयमा, युद्धको बेलामा मर्न जान जिम्मा पाइएन भनेर झगडा गर्नेको जमात हुन्थ्यो । अहिले पद पाइएन भनेर रुने, कराउने र भाग्नेको जमात भयो । हामीले कुरा क्रान्तिका गरिराखेकै छौं, पार्टीलाई क्रान्तिकारी बनाउने कुरा पनि गरिराखेकै छौं । तर हामीमा विस्तारै बर्जुवाकरण भइरहेको छ, व्यक्तिवादीकरण भइरहेको छ । गुटबन्दी, अराजकता बढिरहेको छ । कहाँबाट चिर्ने हो भन्ने ठुलो समस्या छ ।

एउटा पार्टी क्रान्तिकारी हुन्छ कि हुँदैन भनेर हामी आफैले छुट्याउने कसी भनेको उसले आफ्ना कमजोरीलाई कसरी हेर्छ भन्ने नै हो । आफ्ना कमजोरीलाई ढाकछोप गर्छ भने त्यो पेटी बुर्जुवा र बुर्जुवा हुनबाट कसैले रोक्न सक्दैन । आफ्ना कमजोरीप्रति निर्ममतापूर्वक आत्मसमीक्षा गर्न सक्छ भने त्यो क्रान्तिकारी पार्टीको लक्षण र विचार हो । हामी क्रान्तिकारी हौं भने आफ्नो कमजोरी पत्ता लगाएर त्यो कमजोरी हटाउन गम्भीर हुन्छौं । हामी क्रान्तिकारी होइनौं भने अर्कोतिर औंला देखाउने गर्छौं जो अहिले देखिएको छ ।

पार्टीको आठौं राष्ट्रिय महाधिवेशनले पारित गरेको दस्तावेजमा शान्ति प्रक्रियादेखि आजसम्म कहाँ त्रुटि भए भन्ने आत्मसमीक्षा गरिएको छ । हामी सबैले आ-आफ्नो आत्मसमीक्षा गर्न सुरु गरियोस् । महाधिवेशनमा पारित दस्तावेजको आत्मसमीक्षावाला पक्ष मैले साँच्चै पार्टीका निम्ति, क्रान्तिका निम्ति, कम्युनिस्ट आचरणको विकासका निम्ति कहाँ त्रुटि गरेँ, कहाँ गरेको छैन भन्नेतिर सबैको ध्यान जाओस् भन्ने कारणले सिङ्गै पार्टीको रूपान्तरणका लागि अनिवार्य पक्षका रूपमा प्रस्तुत गरिएको छ ।

यो पार्टीलाई क्रान्तिकारी बनाउन अन्ततः उत्पादनका निम्ति संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोग बिना त फेरि जनतासँग जोडिन सक्दैन । त्यसकारण हाम्रो दस्तावेजले तत्कालीन नीति, कार्यक्रम र कार्ययोजनाको रूपमा जनतातिर फर्कने, उत्पादन, श्रम र सांस्कृतिक रूपान्तरणको एउटा संयोजित कार्यक्रम बनाउने र तलैदेखि समाजवादको माओवादी मोडेल प्रस्तुत गरेको छ । तलैदेखि त्यस्ता योजना कार्यान्वयनबाट समाजवादको आर्थिक, राजनीतिक र सांस्कृतिक मोडेल नेपालले दिन सक्छ भन्ने उद्देश्यका साथ दस्तावेजमा उल्लेख छ ।

अब समाजवादी क्रान्तिका लागि नयाँ पार्टी, नयाँ विचार विकासको ऐतिहासिक पहलकदमी आठौं महाधिवेशनबाट गरेका छौं । एउटा ट्र्याक खोल्यौं, चुनावपछि विशेष महाधिवेशन गर्ने र विचार संश्लेषणलाई नयाँ उचाइमा उठाउने जग बसायौं । समाजवाद निर्माणको वैचारिक राजनीतिक जगको भूमिका यसले खेल्न सक्छ । एउटा नयाँ विचार संश्लेषण गर्न सकिन्छ भनेर हामीले त्यसलाई टुङ्ग्याएका छौं ।

यो पार्टीमात्र त्यस्तो पार्टी हो जो क्रान्तिकारी पार्टीमा रूपान्तरण हुन सम्भव छ । हामीले प्रतिगमनकारी आन्दोलनमा संघर्षमा जान, प्रतिक्रान्तिविरुद्ध लड्नका लागि यो पार्टीमात्र जुनसूकै बेला तयार रहन सक्छ भन्ने पुष्टि गरेर देखाइसकेको कुरा हो ।

प्रतिगमनकारीविरुद्धको आन्दोलनमा जसरी उनीहरूको (प्रतिक्रियावादीको) उद्देश्य माओवादी आन्दोलनलाई कमजोर पार्ने, माओवादी आन्दोलनले सिर्जना गरेका परिवर्तनलाई उल्ट्याउने, संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र उल्ट्याउने डिजाइन थियो । प्रतिगमनविरोधी आन्दोलनमा हामीले सफलता प्राप्त गरिसकेकाले अब प्रतिक्रान्तिको खतरा टरिसक्यो भन्ने होइन । प्रतिगमनकारी र प्रतिक्रान्तिकारीहरू अहिले पनि त्यो षड्यन्त्रमा लागिरहेका छन् । माओवादी पार्टीलाई के गरी कमजोर पार्न सकिन्छ र यो पार्टीलाई नेपालको राजनीतिमा भूमिका खेल्न नसक्ने गरी कसरी मार्जिनलाइज गर्न सकिन्छ भन्ने डिजाइनमा अहिले पनि छन् ।

नेपालमा एकथरी वैदेशिक शक्ति माओवादी पार्टीलाई विभाजित गर्ने, कमजोर पार्न चाहन्छन् । तर सिधै प्रतिक्रान्ति गर्न सजिलो छैन । किनकि जसरी हामी जनतासँग जोडिएका छौं र हजारौं नेता कार्यकर्ताको विशाल पंक्ति हामीसँग छ, सिधै प्रतिक्रान्ति गर्न सजिलो छैन । त्यसैले अनेक कसरत गरेर हामीलाई आउने निर्वाचनमा परास्त गर्ने र नेपालमा साम्राज्यवादी देशमा जस्तै दुई पार्टी व्यवस्था बनाउने कसरत चलेको छ । दुईवटा बुर्जुवा पार्टी पालैपालो शासन गर्ने र अरु क्रान्तिकारी पार्टी, जनपक्षीय पार्टीलाई सिध्याउने षड्यन्त्र छ । त्यसकारण आउने निर्वाचन, चाहे त्यो स्थानीय तह होस् या प्रदेश र संघकै होस्, हाम्रो लागि सामान्य औपचारिक निर्वाचनमात्र रहेको छैन । हाम्रो लागि यो 'लाइफ एन्ड डेथ' (जीवन मरणको लडाइँ) भएर आउँदैछ ।

गठबन्धनबाट आश गरेर हामी जितौंला र खाउँला भन्ने कुरा दिमागबाट हटाइदिऔं । आफैं नमरी स्वर्ग देखिँदैन । आफ्नै खुट्टामा उभिएर आफ्नै तागतको बलमा चुनाव जित्छौं भन्ने आत्मविश्वासका साथ अगाडि बढ्न जरुरी छ । हामीले यसलाई चुनावको अर्थमा मात्र बुझ्नु हुँदैन, एउटा ब्याटल, एउटा लडाइँमा हामी जाँदैछौं । लडाइँको अर्थमा लिएर त्यो लडाइँ हामीले जित्नै पर्छ र जित्नका लागि सम्पूर्ण तागत लगाउनु पर्छ भन्ने बुझ्न जरुरी छ । हिजो जनयुद्धको बेला हामी लडाइँमा जाँदा पहिला रेकी ग्रुप बनाउँथ्यौं र सर्भे गर्न पठाउँथ्यौ । इन्टेलिजेन्स ग्रुप बनाउँथ्यौ र दुश्मनको गतिविधि पत्ता लगाउँथ्यौ । एसल्ट ग्रुप बनाएर पहिला कसले प्रहार गर्ने भनेर छुट्याउँथ्यौ । हामीले बिरामी, घाइते भइन्छ भनेर उपचार गर्न मेडिकल टिम बनाउँथ्यौं । घाइते बोकेर ल्याउन स्टेचर बोकेर जाने अर्को टिम बनाउँथ्यौं । लडाइँमा मरिन्छ, मरेपछि खाल्टो खन्नुपर्छ भनेर साबेल बोकेर अर्को टिम जान्थ्यौं । यसरी सबै तयारीका साथ जाँदा त्यत्रो राज्यको सेनासँग हामी क्रमशः जित्दै जाने स्थिति हुन्थ्यो ।

आउनेवाला चुनाव पनि हाम्रो लागि त्यस्तै ब्याटलका रूपमा आउँदैछ । यदि हामीले आउनेवाला चुनाव हाम्रो लागि ब्याटल हो भनेर बुझ्यौं भने आजैदेखि तपाईं-हामी सबैले त्यो ब्याटल जित्नका लागि आफूले गर्नुपर्ने भूमिका र त्यो जित सुनिश्चित गर्न लाग्नुपर्छ ।

जालझेल गर्न, षड्यन्त्र गर्न, बाकस साट्न या सेटिङ मिलाएर चुनाव जसरी पनि हात पार्न माओवादी सिपालु छैन, त्यसमा काँग्रेस-एमाले नै सिपालु छन् । जालझेल गर्न र षड्यन्त्र गर्न, फट्याइँ गर्न उनीहरूसँग हामी सक्दैनौं । हामीले सक्ने भनेको फट्याइँ गर्नेलाई दनक दिनचाहिँ सक्छौं । उनीहरू जालझेल गर्न थाले 'इँटको जवाफ पत्थरले' दिएर सात्तो लिनचाहिँ सक्छौं ।

यो देशमा विडम्बना के भयो भने यति ठूलो परिवर्तन माओवादीले ल्यायो, अहिले माओवादीलाई अपमान गर्ने, माओवादी केही नै होइन भन्नेजस्तो केही प्रवृत्ति देखिएको छ, त्यो प्रवृत्तिलाई परास्त गर्ने भनेको आक्रामक भएर नै हो । मुठी उठाएर पनि प्रतिक्रियावादीको सात्तो लिने तागत हामीसँग छ ।

जनयुद्धको बेला जनताको छोराछोरीजस्तै भएर सेवा गरिन्थ्यो । गाउँमा कोही बिरामी भयो भने हाम्रो मेडिकल टिमले औषधि दिन्थ्यो । जनता खुशी हुन्थे र आफ्नै छोराछोरी ठान्थे । आफ्नो छाक काटेर हामीलाई खुवाउन खोज्थे । हामीलाई सुरक्षा दिन रातभरि जाग्राम बस्थे । आजभोलि हामी त्यस्ता छैनौं । आजभोलि हाम्रा सहिद परिवार कसरी बाँचेका छन् ! तिनको बाटो काटेर जान पाए कचकच सुन्नु पर्दैनथ्यो भन्याजस्ता भयौं हामी । घाइते अपाङ्ग आयो भने झमेला मानेजस्तो । ममात्र त्यस्तो ठाउँमा छु कि मैले जस्तोसूकै अप्ठ्यारोमा पनि त्यसलाई व्यहोर्नैपर्ने । जनताको सेवा गर्नेभन्दा पनि हामी आफ्नै सेवा गर्नीतिर चिन्ता बढी हुन थाल्यो र जनसम्बन्ध कमजोर भयो ।

यो दुई महिना हामीले बल गरेर यो अभियानलाई लिएर जनताको घरमै बस्ने, समस्या सुन्ने, घाइते अपाङको अवस्था कस्तो छ, त्यो सुन्ने । यद्यपि अहिले सहिद परिवार र घाइतेलाई अर्थ मन्त्रालयबाट एउटा प्याकेज प्रोग्राम आएको छ, त्यसलाई कार्यान्वयन गर्दा जनतालाई राम्रो राहत हुन्छ । त्यो कुरा पनि बताउने हामीले । हामी जनताको घरघरमा गएर आत्मसमीक्षा गर्ने । 'हामी आफ्नो उद्देश्यबाट थोरै विचलित भयौं, तर हामीले महसुस गऱ्यौं कि हामी तपाईंहरूकै छोराछोरी हौं, तपाईंहरूको सेवा गर्न हिँडेकै हो हामी, फेरि पनि तपाईंहरूकै सेवामा समर्पित हुन चाहन्छौं, यो परिवर्तन तपाई-हामी सबै मिलेरै आएको हो, यसलाई जाली-फटाहाले उल्ट्याउन खोजेका छन्, हामी यसलाई उल्ट्याउन दिँदैनौं, तपाईंहरूले फेरि एक पटक हामीलाई साथ दिनुपऱ्यो' भनेर हामी आत्मसमीक्षासहित प्रस्तुत भयौं भने देशैभरी, ७७ वटै जिल्लामा जनताको मन जित्नसक्ने हैसियत हाम्रो अझै पनि कायम छ । त्यसकारण तपाईंहरूले अहिलेदेखि नै योजना बनाउनु पऱ्यो । यो निर्वाचनको ब्याटल हामीले जित्नै पर्छ ।

अहिले हाम्रो स्थिति कमजोर छैन । प्रतिगमनविरोधी आन्दोलनमा प्राप्त गरेको सफलता र अहिले भरखरै पनि प्रतिगमनतिर लैजाने षड्यन्त्रलाई परास्त गर्न खेलेको भूमिकाको कारणले जनताले विस्तारै माओवादी केन्द्र नै हो हाम्रो हक हितको निम्ति लड्ने पार्टी र त्यसका निम्ति इमानदार पार्टी भन्ने फेरि एकपटक महसुस गरेको मैले देखेको छु । अझ तराई-मधेसमा हजारौंको संख्यामा नेता कार्यकर्ताहरू र बुद्धिजिवीहरू माओवादी नै हो हाम्रो पार्टी भन्नेतिर केन्द्रित छन् र त्यसबाट प्रतिक्रियावादीहरू आतङ्कित भएका छन् ।

जनताको तहमा, बुद्धिजीवीको तहमा, श्रमिकको तहमा माओवादी केन्द्रप्रतिको आकर्षण बढेको छ । यो निर्वाचनलाई हामीले 'लाइफ एन्ड डेथ'को स्ट्रगलको रूपमा बुझ्यौं र आफ्नै खुट्टामा उभिएर लडाईं जित्नुपर्छ, भोलि यो देशको बागडोर माओवादीले नै सम्हाल्नुपर्छ र विकास तथा समृद्धिको नयाँ यात्रातिर लान सक्ने तागत माओवादी नै हो भन्ने सिद्ध गर्नका लागि यो दुई महिना तपाईं हामी सेना भएर निस्किन सक्नुपर्छ । केन्द्रीय समितिले बनाएको योजना कार्यान्वयन गर्ने हो भने यो दुई महिनामा धेरै चिज फेरबदल गर्न सकिन्छ ।

*(नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले बुधबार पार्टीको काठमाडौंमा आयोजित प्रशिक्षण कार्यक्रममा व्यक्त गरेका विचारकोअंश)*



# आफ्नै संगठनको तागतमा जनताको मन जित्न अध्यक्ष प्रचण्डको निर्देशन

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री समेत रहेका नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले आगामी चुनावमा गठबन्धन होला र जितौंला भन्ने मनस्थितिमा नबस्न नेता-कार्यकर्तामाझ आग्रह गरेका छन् । प्रेस संगठन लुम्बिनीले बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनबीच आफ्ना विचार व्यक्त गर्दै अध्यक्ष दाहालले आफ्नै पार्टीसंगठनलाई सक्रिय बनाएर चुनावमा होमिनु पर्नेमा जोड दिएका हुन् ।

चुनावमा आफ्नै संगठनलाई बलियो बनाएर जानुपर्नेमा जोड दिँदै अध्यक्ष दाहालले आफ्नै तागतमा जनताको मन जित्ने कुरालाई पहिलो प्राथमिकतामा राख्न नेता-कार्यकर्तालाई निर्देशन दिए ।

आगामी वैशाख ३० मा स्थानीय तहको निर्वाचन हुनेमा ढुक्क हुन आग्रह गरेका उनले निर्वाचनमा तालमेल गर्ने र अधिकतम परिणाम निकाल्ने कुरालाई सहायक प्राथमिकतामा राखेर निर्वाचन तयारीमा लाग्न आग्रह गर्दै निर्वाचनका बारेमा कुनै आशंका नगर्न समेत आग्रह गरेका थिए ।

सरकारमा सहभागी पाँचदलीय गठबन्धन नै निर्वाचनसम्म जोगाएर लैजाने पक्षमा रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले भने 'अहिले हामी गठबन्धनमा छौं । तत्काल एमालेसँग गठबन्धनको सम्भावना छैन ।'

प्रधानमन्त्री शेरबहादुर देउवाले समेत गठबन्धन बचाएर लैजाने पक्षमा रहेकाले कांग्रेसका केही नेताले माओवादीसँग गठबन्धन हुँदैन भने त्यसको खासै अर्थ नहुने बताएका अध्यक्ष दाहालले कांग्रेसले लखेट्न थाल्यो भने परिस्थिति के हुन्छ त्यो अहिलै भन्न नसकिन्न उल्लेख गरे ।

चुनाव हुन्छ वा हुँदैन भन्ने आशंकाको अवस्था अझै व्याप्त रहे पनि आफूहरू चुनावको पूरै तयारी साथ लागेको बताउँदै पत्रकार सम्मेलनबीच पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठसहितका नेतासँगै अध्यक्ष दाहालले पार्टीभित्र एमसीसीका कारण उत्पन्न विवाद समाधान भइसकेको र आफूहरू एकढिक्का भएर चुनावी अभियानमा हिँडिरहेको पनि बताए ।

# प्रतिगामी शक्तिलाई जनताले दण्डित गर्नेछ : नेपाल



**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले प्रतिगामी प्रवृत्तिलाई निर्वाचनमा जनताले दण्डित गर्ने बताएका छन् ।

होली मिलन तथा शुभकामना आदानप्रदान कार्यक्रमबीच बोल्दै नेपालले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा लोकतन्त्र र संविधानको पक्षमा क्रियाशील राम्रा विचार बोकेका दललाई मात्र जनताले आफ्ना मत जाहेर गर्ने बताएका हुन् । 'प्रतिगामी तथा अहंकारी व्यक्ति होलिका दहन भएजस्तै पराजय हुने छन्' ओलीतर्फ औंल्याउँदै उनले भने ।

यसैबीच पूर्वप्रधानमन्त्री समेत रहेका नेकपा एसका अध्यक्ष नेपालले बहुभाषिक बहुसांस्कृतिक मुलुकमा सबै जाति समुदायको संस्कृतिले प्रेम सद्भाव अभिवृद्धि गरी नेपाली समाजलाई एकताबद्ध बनाउन सहयोग पुऱ्याउने धारणा व्यक्त गरे ।

विविधताले सजिएको हाम्रो समाजमा एक-अर्काका पर्व संस्कृतिलाई सबैले सम्मान गर्नुपर्नेमा जोड दिँदै हामीले नेपाली भएकोमा गौरव गर्नुपर्ने बताए । 'नेपाली भएकामा हामीले गौरव गर्नुपर्छ, देशप्रति समर्पित हुनुपर्छ, यसले अनेकतामा एकता कायम गर्दछ' उनले भने ।

कार्यक्रममा पार्टीका उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले फागुका अवसरमा सम्पूर्ण नेपालीको सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गरेका थिए ।

# 'मुलुकलाई बचाएर लैजान माओवादीले श्रेष्ठता हासिल गर्नुपर्छ'

**काठमाडौं ।** निर्वाचन नजिकँदै गर्दा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले प्राप्त राजनीतिक उपलब्धि रक्षा गर्दै मुलुकलाई जोगाएर लैजानका लागि आफ्नो दलले सर्वोच्चता हासिल गर्नुपर्नेमा जोड दिएका छन् । आगामी निर्वाचनमा पार्टीले श्रेष्ठता हासिल गर्नुको कुनै विकल्प नभएको अध्यक्ष दाहालले‌को टिप्पणी थियो ।

उपत्यका विशेष, सम्पर्क समन्वय र प्रवास प्रदेश समितिको राजनीतिक-वैचारिक प्रशिक्षणलाई सम्बोधन गर्दै दाहालले आगामी निर्वाचन पार्टीका लागि जीवन मरणको लडाईं भएकाले सम्पूर्ण तागत निर्वाचनमा केन्द्रित हुन आग्रह गरेका हुन् ।

आगामी निर्वाचनमा माओवादीलाई कमजोर बनाउने र साम्राज्यवादी मुलुकमा जस्तै 'टु पार्टी सिस्टम' लागू गर्ने षड्यन्त्र भइरहेको विश्लेषण गर्दै अध्यक्ष दाहालले अहिले दुई वटा बुर्जुवा पार्टी मात्र बनाउने कसरत भइरहेको बताए । 'क्रान्तिकारी विचारसहितको पार्टीलाई कमजोर पार्ने र दुई बुर्जुवा पार्टीले पालैपालो शासन गर्ने तयारी छ' अध्यक्ष दाहालले थपे- 'आउँदै गरेका सबै निर्वाचन हाम्रा लागि सामान्य निर्वाचन मात्रै होइन, यो हाम्रा लागि 'लाइफ एण्ड डेथ'को लडाईं भएर आएको छ ।'

माओवादीबाट मात्रै राष्ट्रिय स्वाधीनताको रक्षा, मुलुक र जनताको समृद्धि सम्भव भएको बताउँदै उनले माओवादीले देशलाई दुर्घटनाबाट बचाउन अवलम्बन गरेका नीतिलाई जनतामाझ बुझाउन व्यापक जनपरिचालन आवश्यक रहेको टिप्पणी गरे । यसअघिका निर्वाचनका क्रममा विपक्षीले अनेक हत्कण्डा अपनाएर नतिजा आफ्नो पक्षमा पार्दै आएको स्मरण गराउँदै उनले त्यस्ता प्रवृत्तिको प्रतिवाद गर्दै जनताका मन जितेर माओवादीलाई विजयी गराउन सबैलाई आग्रह गरेका गरे ।

जनताको सङ्घर्षको बलमा प्राप्त उपलब्धिमाथि खतरा पैदा भएको, प्रतिक्रान्तिको खतरा तीव्र गतिमा अगाडि आएको उल्लेख गर्दै उनले गत वर्ष जनताको बलमा नै प्रतिगामी कदमलाई परास्त गरिएको बताए । 'हामीले गतवर्षको असंवैधानिक रूपमा गरिएको संसद विघटनलाई जनताको 'हुङ्कार'बाट पराजित गऱ्यौं', अध्यक्ष दाहालले भने 'आगामी निर्वाचनमा पनि सम्पूर्ण तागत लगाएर प्रतिगामी तत्त्वलाई परास्त गर्नुपर्छ ।'

गत पुसमा सम्पन्न आठौं महाधिवेशनको जगमा गत फागुनमा सम्पन्न केन्द्रीय समितिको बैठकबाट सम्पूर्ण पार्टी पङ्क्तिलाई एकताबद्ध रूपमा निर्वाचनमा केन्द्रित गर्ने नीति लिइएको उल्लेख गर्दै उनले पार्टीभित्रको अन्तरविरोधलाई थाँती राखेर निर्वाचनमा होमिन सम्पूर्ण नेता कार्यकर्तालाई आग्रह गरे ।

पार्टीले केन्द्रीय समितिको निर्णयअनुसार नै दुई महिने निर्वाचन अभियान सञ्चालन गरिएको जानकारी दिँदै अध्यक्ष दाहालले सम्पूर्ण नेता अब पालिका केन्द्रित हुनुपर्नेमा जोड दिए ।

सोही क्रममा दाहालले शान्ति प्रक्रिया जोगाउन व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन गर्न बाध्य भएको दावी गरे । 'एमसीसी सम्झौता संसद्बाट अनुमोदन नगराउनका लागि हरसम्भव प्रयत्न गरियो' दाहालको स्पष्टीकरण थियो । 'एउटा यस्तो विन्दुमा पुगियो कि, एमसीसी सम्झौता अनुमोदन नगरी अगाडि नजाने अवस्था आइपुग्यो । शान्ति प्रक्रिया धरापमा पर्ने, प्राप्त उपलब्धि गुम्ने खतरा आएपछि जोखिम मोलेर व्याख्यात्मक घोषणासहित एमसिसी सम्झौता अनुमोदन गरिएको हो' उनको दावी थियो ।

शान्ति प्रक्रियापछिको कार्यहरूबारे आत्मसमिक्षा गर्दै उनले सबै विषयलाई ढंगले मिलाउन लैजान नजान्दा प्राप्त उपलब्धलाई फलदाय बनाउन सम्भन नभएको चर्चा समेत गरे ।

'नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति नदिएर, रामराजप्रसाद सिंहलाई राष्ट्रपतिका रूपमा अगाडि सारेर तथा तत्कालीन प्रधानसेनापति रुक्मांगत कटुवाललाई कारबाही गरेर क्रान्तिकारी बन्न खोजियो । घटनाक्रमले बहुमतको सरकार पनि गयो, संविधान पनि बनेन' आफ्नो पहिलो कार्यकालको समिक्षा गर्दै 'एमसीसी अगाडि नबढाउने निर्णय गरेको भए प्राप्त उपलब्धि पनि गुम्ने अवस्था थियो' दाहालको दावी थियो ।

# होलीका नाममा मनोमानी गर्ने ९०६ लाई कारबाही



**काठमाडौं ।** मेलमिलाप प्रतिक र रङको पर्व होलीलाई मर्यादित, व्यवस्थित, सुरक्षित बनाउन बनाउन महानगरीय ट्राफिक प्रहरी महाशाखाले उपत्यकाका तीनै जिल्लामा सुरक्षा व्यवस्था कडा बनाउने भएको छ ।

होली पर्वलाई मर्यादित बनाउने एक हजार तीनसय ट्राफिक प्रहरी खटाई व्यवस्थापन कडा बनाइएको महाशाखाले बताएको छ ।

होली मनाउँदा सवारी नियम तोड्ने खालका गतिविधि नियन्त्रण गर्न तथा दुर्घटनारहित होली बनाउन महाशाखाले ट्राफिक व्यवस्थापनको योजना तयार गरी थप जनशक्ति परिचालन गरेको हो ।

महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक उमेशराज जोशीले सबै ट्राफिक एकाइका प्रमुखलाई ट्राफिक व्यवस्थापन कडा बनाउन निर्देशन दिनुका साथै खटिने प्रहरी कर्मचारीलाई ब्रिफिङ समेत गरे । बिहीबार बिहानैदेखि प्रहरी नायव उपरीक्षकको नेतृत्वमा दुई वटा अनुगमन टोली, १४ वटा मोबाइल टोली, सवारी साधन अभिलेख व्यवस्थापन टोली र मोटरसाइकलमा थप ट्राफिक प्रहरी परिचालन गरिने जनाइएको छ ।

उच्छृङ्खल तथा अवाञ्छित तरिकाले सवारी साधनको प्रयोग गर्ने, तीव्र गति र 'जिगज्याग' गरी मोटरसाइकल चलाउने, मादक पदार्थ सेवन गरी गाडी चलाउने, मोटरसाइकलमा हेल्मेट नलगाउने, मोटरसाइकलमा बढी मान्छे राख्ने, सवारी साधनको प्रयोग गरी महिलालाई लक्षित गरी रङ लोला हान्ने र अभद्र व्यवहार गर्नेलाई कारबाही गरिने प्रहरीले जनाएको छ ।

ठूलो आवाज निकाल्ने र 'मोडिफाइ' गरी सवारी चलाउने, सवारी चालक अनुमतिपत्र नभएकाले सवारी साधन चलाउने, ट्राफिक नियमविपरीत सवारी चलाउनेमाथि विशेष निगरानी गर्न महाशाखाले निर्देशन दिएको छ ।

होली पर्वका नाममा जथाभावी रूपमा गैरकानुनी कार्य गरेमा तत्काल पक्राउ गरी कारबाही गर्ने जिल्ला प्रशासन कार्यालय भक्तपुरले जानकारी दिएको हो । जिल्ला प्रशासन कार्यालयले बुधबार सार्वजनिक अपिल जारी गर्दै कसैको इच्छाविपरीत फोहोर पानी फाल्ने, केमिकलसहितको रङ दल्ने, प्लास्टिकजन्य लोला हान्ने, रासायनिक पदार्थ छ्याप्ने, बाटोमा हिँड्ने व्यक्तिलाई अनावश्यक दुःख दिने, बाटो अवरोध गरी सवारी साधनबाट रकम असुल्ने, यातायात आवागमनमा अवरोध गरे कारबाही गर्ने बताएको थियो ।

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले यसबारेमा सार्वजनिक अपिल जारी गर्दै कानुनले बन्देज लगाएका क्रियाकलाप नगर्न अनुरोध गरे । उनले यस्ता कार्य गरेमा कानुनबमोजिम कारबाही गरिने बताए । उनले ऐतिहासिक जिल्ला भक्तपुरमा होली मनाउँदा आ-आफ्नो धार्मिक, सांस्कृतिक, सामाजिक परम्पराको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी सभ्य, भव्य तथा सुसंस्कृति रूपमा मनाउन आह्वान पनि गरे ।

यसैबीच महानगरीय ट्राफिक प्रहरी महाशाखाले होली पर्वमा मापसे गरेर विनाहेल्मेट तीन जना चढ्ने लापरबाही तरिकाले सवारी चलाउने सयौं जनालाई कारबाही गरेको छ । महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक उमेशराज जोशीका अनुसार विनाहेल्मेट तीन जना चढ्ने, लापरबाही तरिकाले सवारी चलाउनेलगायत सवारी नियम उल्लंघन गर्ने ९०६ जनालाई कारबाही गरिएको हो ।

ट्राफिक प्रहरीको कारबाहीमा परेकामध्ये १०६ जना मापसे गरेर सवारी चलाउने रहेका छन् । होलीका अवसरमा उच्छृङ्खल तथा अवाञ्छित तरिकाले सवारीसाधनको प्रयोग गर्ने, तीव्रगति र जिगज्याग गरी मोटरसाइकल चलाउने, मादक पदार्थ सेवन गरी मोटरसाइकल चलाउने, हेल्मेट नलगाउने, तीन जनाभन्दा बढी चढ्ने, सवारीसाधनको प्रयोग गरी महिलालाई लक्ष्य गरी रङ, लोला हान्ने, अभद्र व्यवहार गर्ने, ठूलो आवाज निकाल्ने, मोडिफाइ गरी सवारी चलाउने, सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउनेमाथि विशेष निगरानी गरेको महाशाखाले जनाएको छ ।

पर्वलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन काठमाडौंमा एक हजार तीनसय ट्राफिक प्रहरी खटाएर कडाइका साथ जाँच गरिएकामा नियमविपरीत सवारी चलाउने तथा उच्छृङ्खल गतिविधि गर्ने उनीहरूलाई पक्राउ गरी कारबाही गरिएको हो ।

महाशाखाले होली पर्वलाई दुर्घटनारहित बनाउनका निम्ति ट्राफिक व्यवस्थापनको योजना तयार गरी आफ्नो जनशक्ति परिचालन गरेको हो । महाशाखाले होली मनाउने क्रममा हुनसक्ने सम्भावित दुर्घटनाको जोखिमलाई मध्यनजर गर्दै उपत्यकाको विभिन्न ६८ स्थानमा सुरक्षाचौकी राखेर बिहानदेखि नै कडा जाँचको व्यवस्था मिलाएको थियो । महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जोशीले होलीलक्षित ट्राफिक व्यवस्थापन कडा गरिएका कारण काठमाडौंमा कुनै अप्रिय घटना नभएको जानकारी पनि दिए ।

# संविधानले दिएका अधिकार कार्यान्वयन हुनुपर्नेमा जोड

**काठमाडौं ।** विभिन्न कालखण्डमा चलेको महिला आन्दोलनपछि संविधानले प्रदान गरेको हकअधिकारी प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्नेमा वक्ताहरूले जोड दिएका छन् ।

उपराष्ट्रपति नन्दबहादुर पुनले जलवायु परिवर्तन र कोरोना महामारीका कारण विश्वमा महिलामाथि विभिन्न प्रकारका हिंसा बढेको बताएका हुन् ।

राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग, महिला गैरसरकारी संस्था महासंघ (डब्लुएनएफ) र 'एभ्री वुमन' नामक संस्थाद्वारा संयुक्त रूपमा राजधानीमा आयोजित 'दक्षिण एसियाली महिला सम्मेलन'को उद्घाटन गर्दै उपराष्ट्रपति पुनले महामारीको समयमा अधिकांश महिला आफन्तबाटै घरेलु हिंसाको सिकार हुनुपरेको जानकारी दिए ।

'विश्वव्यापी रूपमा पछिल्लो समय बढ्दै गएको महिला हिंसा न्यूनीकरणका लागि सबैको सहकार्य आवश्यक छ' भन्दै उपराष्ट्रपति पुनले समाजमा महिलाहरूले शोषण र हिंसा भोग्नु दुःखद् विषय भएको उल्लेख गरे । उनले नेपालको संविधानले सुनिश्चित गरेको महिला तथा बालबालिका सम्बन्धी हकअधिकारको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिँदै महिला सशक्तिकरणको आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्नु सबै सरोकारवालाको चासोको विषय बन्नुपर्नेमा बताए ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगर र राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

यसैबीच दक्षिण एसियाकी प्रसिद्ध लेखक एवं भारतीय महिला अधिकारकर्मी मीरा खन्नाले मानव अधिकारकर्मी एवं वातावरणविद डा बन्दना शिवाले आर्थिक रूपले महिला सशक्त नभएसम्म हिंसाका घटनामा कमी नआउने उल्लेख गरे ।

## समयको...

रोजगारीका लागि गइरहेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार गत साउनदेखि मङ्सिर मसान्तसम्म नै दुई लाख ३० हजार ४११ जनाले श्रम स्वीकृति लिएर विदेश गएका छन् । तीमध्ये ९९ हजार ५८० जना त पुनः श्रमस्वीकृति लिएर जाने मात्रै छन् । नेपालीहरू धेरैजसो मलेसियालगायत खाडी मुलुक संयुक्त अरब इमिरेट्स, कतार, बहराइन, कुवेत, साउदी अरेबिया, ओमानलगायत देशमा वैदेशिक रोजगारीका लागि गइरहेका छन् ।

विदेशमा काम गर्न जानेमध्ये अदक्ष धेरै रहेको मन्त्रालयले जनाएको छ । तथ्याङ्कानुसार, ७५ प्रतिशत अदक्ष, २४ प्रतिशत अर्धदक्ष र एक प्रतिशतमात्र दक्ष जनशक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन् । कोरोनाकै बीच पनि हजारौं नेपाली युवा विदेसिएको सरकारी तथ्याङ्क छ । वैदेशिक रोजगारीका समस्या तथा त्यहाँ पाइने हण्डर र ज्यानैसमेत गुमाएका खबर नेपाली मिडियामा सार्वजनिक भइरहेक पनि किन वैदेशिक रोजगारीप्रति यत्रो आकर्षण भन्ने जिज्ञासामा सुरक्षित वैदेशिक रोजगारी परियोजना नुवाकोट र धादिङका प्रमुख कमल रोकाय भन्नुहुन्छ, "मुलुकभित्रको राजनीतिक अस्थिरता र रोजगारीको अभावका कारण यस्तो भएको हो ।" नेपाल राष्ट्र बैंकको २०२० को तथ्याङ्कानुसार विदेशमा काम गरेर नेपालमा पैसा पठाउनेहरूको कुल गार्हस्थ उत्पादनमा २७.९५ प्रतिशत योगदान छ । नेपालका ५६ प्रतिशत घरपरिवार कोही न कोही वैदेशिक रोजगारीमा छन् । पछिल्लो दश वर्षमा गरिबीको रेखामुनि रहेका ४२ प्रतिशत नागरिक अहिले २५ प्रतिशतमा झरेर गरिबीबाट माथि उठाउन पनि वैदेशिक रोजगारीले भूमिका खेलेको छ ।

वैदेशिक रोजगारीबाट हुने आम्दानीको चमक राम्रो देखिए पनि यसभित्र लुकेका पीडा नेपालका धेरै परिवारले भोगिरहेका छन् । सरकारले स्वदेशमै रोजगारीको सिर्जना गर्नेभन्दा पनि युवालाई विदेश पठाएर विप्रेषणकै भरमा देशको अर्थतन्त्र चलाउने विचार राखेको दैनिक विदेश जानेको लर्कोबाट पुष्टि हुन्छ ।

वैदेशिक रोजगारीबाट लैङ्गिकरूपमा पनि महिला नै बढी पीडित हुन पुगेका घटना पनि देखिएको छ । विदेशमा कमाउन गएका श्रीमान् दुर्घटनालगायत विभिन्न कारणले ज्यान जाँदा, घाइते अङ्गभङ्ग हुँदा तथा कारागार पर्दा यता श्रीमती सकस भोग्न बाध्य हुन्छिन् । विदेशमा काम गर्न गएका महिलाका यता रहेका श्रीमान्ले अर्को विवाह गर्दा पनि महिला नै पीडित हुनुपरेको घटना हुन देखिन थालेको सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका जिल्ला संयोजक नीरू परियार बताउनुहुन्छ ।

**विदेशमा रोजगारी, स्वदेशमा परियोजना**

वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन, रोजगारीमा जानेहरूलाई सचेत बनाउन, सीपसहित जानका लागि सहजीकरण गर्नका लागि अहिले सरकारले सुरक्षित आप्रवासन परियोजना नै सञ्चालन गरेको छ । नुवाकोटमा पनि उक्त कार्यक्रम पाँच वर्षदेखि सञ्चालन भइरहेको छ ।

जिल्लाका वैदेशिक रोजगारीमा धेरै जाने चार स्थानीय तहमा कार्यक्रम सञ्चालन भइरहेको छ । विदुर र बेलकोटगढी नगरपालिका तथा लिखु र शिवपुरी गाउँपालिकामा सामी परियोजना सञ्चालन भइरहेको छ । परियोजना चार स्थानीय तहमा सञ्चालन भए पनि यसले विदेशमा अलपत्र र ठगीमा परेका, एउटा काममा गएर अर्कै काम गर्न बाध्य भएका, विदेशमा ज्यान गुमाएकाहरूको शव नेपाल ल्याउन सहजीकरण जस्ता काम जिल्लाभरिकै लागि गर्दै आएको छ ।

परियोजनाले विदेश जान चाहनेलाई स्वदेशमै रोजगारीको अवसर खोज्न, जानै लागेकालाई कुन काममा जान लागेको हो, सोही कामअनुसारको तालिम प्रदान गर्न तथा आवश्यक कागजात बनाउने सल्लाह दिने काम गर्छ । यसका साथै यसले विदेशमा गइसकेका परिवारमा व्यक्तिका परिवारका सदस्यलाई कमाइ भएको रकम सदुपयोग गर्न वित्तीय साक्षरता तथा मानसिक समस्यामा परेकालाई मनोपरामर्शको समेत सेवा दिँदै आएको परियारको भनाइ छ ।

वैदेशिक रोजगारीबाट ठगी भएमा जिल्ला प्रशासन कार्यालयमा पनि उजुरी दिन सकिने व्यवस्था छ । वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गरी प्रमुख जिल्ला अधिकारीलाई अधिकार दिइएको हो । ऐनमा कुनै व्यक्तिममाथि परेको उजुरी प्रजिअले जाँचबुझ गरी कामदार वा निजको प्रतिनिधिलाई क्षतिपूर्ति भराइदिनुपर्ने कारण देखिएमा दुवै पक्षबीच छलफल गराई क्षतिपूर्ति भराइदिने गरी मेलमिलाप गराउन सक्ने र त्यसरी मेलमिलाप गराएको जानकारी विभागलाई दिनुपर्ने व्यवस्था गरिएको छ ।

नुवाकोटका सहायक प्रजिअ वेदप्रसाद अर्यालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको परियोजनाले जिल्ला प्रशासनको ढोकामा बसेर राहदानी बनाउन आउनेहरूलाई परामर्श दिने कार्यले असुरक्षित वैदेशिक रोजगारीमा जानबाट केही भए पनि फर्किने गरेको समेत जानकारी दिनुभयो ।

**संविधान र कानुनमा रोजगारी**

सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित बनाउन र स्वदेशमै रोजगारीको सिर्जना गरी रोजगारीका लागि विदेश जान पर्ने बाध्यताको अन्त्य गराउने भन्दै आएको छ । रोजगारीको हक भनेर नेपालको संविधानको धारा ३३ मा मौलिक हकका रूपमा पनि उल्लेख छ । उक्त धारामा प्रत्येक नागरिकलाई रोजगारीको हक र रोजगारी छनोटको हक हुने भनेर लेखिएको छ ।

संविधानको धारा ५१ को 'भ'मा श्रम तथा रोजगारसम्बन्धी नीति पनि छ । यही उपधाराको खण्ड ५ मा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गरिने उल्लेख छ । उपधाराको खण्ड ६ मा वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने भनेर पनि उल्लेख गरिएको छ ।

यस्तै राष्ट्रिय रोजगार नीति २०७१, वैदेशिक रोजगार नीति २०६८, रोजगारीको हकसम्बन्धी ऐन २०७५, श्रम ऐन २०७४, रोजगारीको हकसम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत कानुनमा पनि वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने विषय उल्लेख गरिएको छ ।

**राज्यको दायित्व**

ऐनकानुनमा जति उल्लेख गरिए पनि प्रभावकारी कार्यान्वयनको अभाव सधैँ खट्किरहेको छ । नुवाकोट बार एसोसिएसनका पूर्वाध्यक्ष देवराज कँडेलका विचारमा पनि सरकारले वैदेशिक रोजगारीलाई देशको पहिलो हिस्साका रूपमा लिएर काम गर्नुपर्ने आवश्यकता छ ।

वैदेशिक रोजगारीबाट धेरैले दुःख गरेर आर्थिकस्तर उकासे पनि नयसको जोखिम पक्षबारे आवश्यक सचेतना नपुगेको अवस्था छ । स्वदेशमै रोजगारी गराउनका लागि स्थानीय तहले पनि ध्यान दिनुपर्ने नुवाकोट आदर्श बहुमुखी क्याम्पसका जनसङ्ख्या विषयका उपप्रध्यापक सकुमान डङ्गोल बताउनुहुन्छ । बढ्दो जनसङ्ख्यका कारण रोजगारीका अवसर कम भए पनि स्वरोजगार हुन सक्ने आधार धेरै भएकाले स्थानीय तहले त्यसलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ छ ।

"वैदेशिक रोजगारीमा जानेभन्दा पनि स्वदेशमै अवसर र रोजगारीको सिर्जना गर्न ध्यान जानुपर्छ तर विदेश जानैपर्ने अवस्थामा पनि आफू कुन काममा जान लागेको हो, त्यसको के अवस्था हो भन्ने कुरा जानेले थाहा पाउनुपर्छ । यसका साथै त्यहाँको भाषा र सीप पनि सिकाएर पठाउने दायित्व राज्यको हो । 'विनासीप विदेश जाँदा जोखिम हुन्छ र कमाइ पनि कम हुन्छ, यो कुरो सिकाउने दायित्व राज्यको हो", डङ्गोल भन्नुहुन्छ । वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनु पनि राज्यकै दायित्व भएको उहाँको ठम्याइ छ ।

**स्थानीय तहका कुरा**

सङ्घीय सरकारले जे जसो गरेको भए पनि स्थानीय तहहरूले पनि रोजगारीको सिर्जना गर्नमा ध्यान दिनैपर्छ । यो कुरामा आफूहरूले ध्यान दिएको लिखु गाउँपालिकाका अध्यक्ष ध्रुव श्रेष्ठको जिकिर छ । सामी परियोजना सञ्चालन भइरहेको सो पालिकाभित्र कृषि क्षेत्र विकासका लागि ध्यान दिइएको बताउँदै श्रेष्ठले स्थानीय क्षेत्रमा रोगजारी भएमा युवाहरू विदेश नगई यहीँ काम गर्ने विश्वास व्यक्त गर्नुभयो । "हामीले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन, सकेसम्म विदेश नजान र गए पनि सीप र भाषा सिकेर आवश्यक कागजात पूरा गरेर जान सचेत गराइरहेका छौँ", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "हामीले आफ्नै क्षेत्रमा आत्मनिर्भर बनाउनका लागि स्थानीयवासीको मागअनुसारका सीप पनि प्रदान गर्ने गरेका छौँ ।"

वैदेशिक रोजगारीबाट फर्केकाहरूलाई स्वदेशमै व्यवसाय सञ्चालन गर्नका लागि भन्दै विदुर नगरपालिकाले 'मेयर उद्यमशीलता' कार्यक्रम सञ्चालनमा ल्याएको छ । सो कार्यक्रममा नगरपालिकाले केही रकम उपलब्ध गराउने र सहुलियतमा बैंकहरूले लगानी गर्ने भनिएको छ । बैंकमा तरलता अभावका कारण अहिले कार्यक्रम रोकिए पनि छिट्टै सञ्चालनमा ल्याइने नगर प्रमुख सञ्जु पण्डितले जानकारी दिनुभयो । यसबाट स्वदेशमै रोजगारी सिर्जना हुने र युवा आत्मनिर्भर हुने भएकाले विदेश जानेको सङ्ख्या केही कम हुने अपेक्षा नगरपालिकाले गरेको छ ।

**आर्थिक उन्नतिका मूल्यमा असर**

वैदेशिक रोजगारीले परिवारको आर्थिक उन्नति भए पनि यसबाट मनोसामाजिक, सांस्कृतिक तथा सामाजिक असर देखिएका छन् । नेपालमा वैदेशिक रोजगारीको यात्रा लामो भए पनि यसको अध्ययन - अनुसन्धान भने कमै मात्र भएको पाइन्छ ।

श्रम मन्त्रालयका लागि २०७६ सालमा गरिएको 'वैदेशिक रोजगारीको कारण बालबालिकामा परेको प्रभावसम्बन्धी अध्ययन' प्रतिवेदनले धेरै पाटा केलाएको पाइन्छ । बालबालिका तथा महिला र पुरुष गरी अध्ययनमा २७३ सहभागी भएका थिए ।

सकारात्मक प्रभावका हकमा परिवारका बाबा वा आमामध्ये कोही एक विदेश गएपछि परिवारको आर्थिक अवस्था सुधार हुने, भौतिक आवश्यकता सजिलै पूरा हुने, गाउँबाट सहर बजारको विद्यालयमा पढ्न पाइने, विद्युतीय सामग्री सहज रूपमा खरिद गर्न सक्ने, समाज र साथीहरूमाझ अरूभन्दा आफू पनि कम छैन भन्ने महसुस गराएको उल्लेख गरिएको छ ।

नकारात्मक पक्षमा पठपाठनमा प्रभाव, कुलत/दुर्व्यसनको जोखिम, मानसिक बोझ, अतिरिक्त कार्यभार, बाल र लैङ्गिक हिंसा, बालविवाह, भागी विवाह, बालश्रम शोषण, बलात्कार तथा बलात्कार प्रयास तथा यौनजन्य हिंसा पाइएको उल्लेख गरिएको छ ।(रासस)

## युक्रेन युद्धका कारण प्रतिसेकेन्ड एक नाबालक शरणार्थी बन्दै

**काठमाडौं ।** युक्रेन र रूसबीच महिनौंदेखि जारी युद्धका मारमा परेर हरेक सेकेन्ड झन्डै एउटा नाबालक शरणार्थी बन्न थालेको संयुक्त राष्ट्र मानवीय संघसंगठनहरूले उल्लेख गरेको गराएका छन् ।

राष्ट्रसंघले बुधबार जारी तथ्यांकअनुसार रूसी आक्रमण सुरु भएदेखि हालसम्म पूर्वी युरोपेली यस देशबाट भागेका मानिसहरूको कूल संख्या तीस लाखभन्दा नाघेको हो ।'अहिले यूक्रेनबाट छिमेकी देशहरूमा मानिसहरूको प्रवाह ३० लाखभन्दा बढी पुगेको हामीले प्रक्षेपण गरेका छौँ' तथ्यांकमा उल्लेख छ ।

यीमध्ये लगभग एक लाख ५७ हजार तेस्रो देशका नागरिक रहेका अन्तर्राष्ट्रिय आप्रबासी संगठन (आईओएम) का प्रवक्ता पल डिलनले जेनेभामा बताए । 'फेब्रुअरी २४ मा रूसी आक्रमण सुरु भएदेखि अहिले लगभग १५ लाख बालबालिका यूक्रेनबाट बाहिरिएका छन् । गत २० दिनको दौडान यूक्रेनमा हरेक दिन ७० हजारभन्दा बढी केटाकेटी शरणार्थी भएका छन् ।'

संयुक्त राष्ट्र बाल कोषका प्रवक्ता जेम्स एल्डरले भने- 'हरेक मिनेट ५५ जना बालबालिका देश (यूक्रेन) छोडेर विदेशिने गरेका छन् ।'

यूक्रेनमा हिंसाबाट भागिरहेका दशमध्ये नौ जना महिला तथा केटाकेटीहरू रहेका युनिसेफका प्रवक्तालाई उद्दृत गरी राष्ट्रसंघको सञ्चारमामिला हेर्ने संगठन (यूएन न्युज) ले उल्लेख गरेको छ । युवाहरू अपरिचित नयाँ वातावरणमा आइपुग्दा तस्करहरूको सिकार भइरहेको आशंका समेत गरिएको छ ।

'मैले भ्रमण गरेको सीमाक्षेत्र खासगरी मेडीका, पोल्याण्डदेखि युक्रेनको राजधानी कीभसम्म कीभबाट आएको जनाउँदै कीभ नाम उच्चारण गर्ने हजारौं मानिसहरू शहरहरूको बस र मिनीबस वरिपरि व्यवस्थापनको खोजीमा उभिरहेका भेटेको थिएँ' जेम्स एल्डरले भने- 'उनीहरू कम्तीमा पनि एक हप्ताअघि ती सीमाहरूमा पुगेका थिए ।'

उनले भने 'निस्सन्देह, अधिकांश मानिसहरू अद्भुत मनसाय र ठूलो उदारता भएका मानिसहरू हुन् तर युरोपमा तस्करीबारे हामीले बुझेको कुरालाई विचार गर्दा यो अझै पनि एकदमै गम्भीर मुद्दा भएको छ ।'

## वातावरण, रङ र मानिसको स्वभावबीच अन्तर्सम्बन्ध

**● राकेश याकामी**

*साउन हरियो रङको पर्वका रूपमा मनाउने प्रचलन पछिल्लो समय नेपालमा व्यापक भएको छ । रङ दृश्य भाषाका लागि निकै सशक्त माध्यम हो । यो एक विश्व भाषा पनि हो । प्रकृतिको आकर्षक तथा अनुपम सौन्दर्यको महत्वपूर्ण वस्तुको रूपमा रङलाई लिने गरिन्छ । रङको भाषालाई सहज ढंगले ग्रहण गर्न सकिन्छ । यसलाई बुझ्न कुनै लिपि वा भाषाको आवश्यकता पर्दैन । कुनै वस्तुलाई उसको रङका आधारमा सहजै छुट्याएर ग्रहण गर्न सकिन्छ । रङ विश्व भाषा भएकाले यसलाई कलाकारले आफ्नो परिवेश, सामाजिक तथा सांस्कृतिक परिस्थिति अनुसार ग्रहण गर्ने र त्यसलाई प्रयोग गर्ने गर्दछन् । कलामा रङको प्रभाव गहन रूपमा पर्दछ । रङ विश्वभाषा भएकाले यसलाई कलाकारले आफ्नो परिवेश, सामाजिक तथा सांस्कृतिक परिस्थिति अनुसार ग्रहण गर्ने र त्यसलाई प्रयोग गर्ने गर्दछन् । रङविना कलाको महत्व र अर्थ नहुने भएकाले कलाकृतिमा रङको महत्व बलशाली रूपमा रहेको हुन्छ । हरियो रङ प्रकृतिमा सबैभन्दा बढी देखिने रङ भएकाले यसलाई जीवनको प्रतीकको रङको रूपमा पनि चिनिन्छ । आजकल जताजतै बस्ती भएका ठाउँ या खाली रहेका डाँडा-काढामा रुख रोपौं हरियाली बढाऊँ भन्ने नाराका साथ मानिसहरू हरियाली बढाउन लागि परेका छन् ।*

*प्रकृतिमा सबैभन्दा बढी देखिने रङ पनि हरियो नै हो । रुख बिरुवादेखि प्रकृतिमा भेटिने प्रायः चिज हरियो रङकै हुन्छन् । यही कारणले हरियो रङलाई रानी रङको रूपमा पनि विद्धानले चिनाउने गरेको पाइन्छ । पहेलो र निलो रङको योगबाट हरियो रङ बन्छ । हरियो रङलाई इस्लाम धर्मको प्रतीकको रूपमा लिइन्छ । धार्मिक रूपमा पनि यस रङलाई मानिसले उपयोग गरिरहेका हुन्छन् । इसाई धर्ममा पनि संस्कारका रूपमा हरियो रङको प्रयोग बढता भएको पाइन्छ । त्यस्तै भारतका महाराष्ट्रमा नववधुको पहिरन हरियो नै हुन्छ । विभिन्न देश र स्थानमा यस रङलाई धार्मिक एवं संस्कारका रूपमा उपयोग गरेको पाइन्छ । यसरी धर्म र संस्कारमा पनि यस रङको महत्व रहेको छ । हरियो शितल रङ भएकाले चिसो ठाउँका मानिसमा यसले निकै प्रभाव पार्दछ । चिसोमा न्यानोको आवश्यकता बढी रहेता पनि यसले झन् ठण्डी बनाउँछ । विशेषगरी गर्मी ठाउँमा बस्ने मानिसले हरियो रङको कपडा बढी प्रयोग गरेको पाइन्छ । त्यसैले गाढा र फिक्का हरियो रङले ईर्ष्यालु, विषालु, क्रोध, भयानक, घमण्डी भावको रूपमा चिनाउँदछन् । हरियो रङको प्रयोग र यसको महत्व कलामा कलाकारले आवश्यकता अनुसार प्रयोग गरेको पाइन्छ । हरियो रङले मानिसमा शितलता र शान्त मनोभाव प्रदान गर्ने गर्दछ । हरियो रङले कलालाई शालिन र सौम्य रूपमा प्रस्तुत गर्ने भएकाले यसको महत्व र गरिमा विशिष्ट रहेको हुन्छ ।*

*यसको खासगरी धार्मिक, सांस्कृतिक, प्राकृतिक, पर्यावरणीय तथा शान्त समाजको परिकल्पनामा आधारित रहेर कला बनाउँदा महत्व झल्किन्छ । यस रङको प्रयोग भूगोल र पर्यावरणीय प्रभावका आधारमा समेत गरिने भएकाले कलामा यसको भूमिकालाई प्राय कलाकारले गहिरो गरी चित्रण गर्ने गरेको देखिन्छ । यस रङको धार्मिक, सांस्कृतिक तथा वातावरणीय प्रभावलाई कलाकारले कलाकृतिमा उतार्दा निकै सघन रूपमा चित्रण गरेको पाइन्छ ।*

## पेट्रोलियम पदार्थको मूल्य निरन्तर वृद्धि भैरहँदा पनि अर्बौं घाटा ?

**काठमाडौं ।** इन्डियन आयल कर्पोरेशन (आइओसी) ले नेपाल आयल निगमलाई बुधबार पठाएको नयाँ मूल्यसूचिअनुसार पेट्रोलियम पदार्थको मूल्य हालसम्मकै उच्च विन्दुमा पुगेको छ ।

आइओसीले पठाएको पछिल्लो मूल्यमा विभिन्न शीर्षकका कर थपिँदा पेट्रोलियम पदार्थको खरिद मूल्य अहिलेसम्मकै उच्चअवस्थामा पुगेको निगमले बताएको छ । भन्सारले पेट्रोलियम पदार्थमा भन्सार तथा प्रज्ञापन शुल्क, सडक मर्मत शुल्क, प्रदूषण शुल्क, मूल्य अभिवृद्धि कर (भ्याट) र मूल्य स्थिरीकरण कोष शुल्क उठाउँछ । त्यसबाहेक ढुवानी भाडा, निगमको प्रशासनिक एवं बिक्री खर्च, बीमा, प्राविधिक नोक्सानी र बिक्रेताको मुनाफा जोडेर पेट्रोलियम पदार्थको बिक्री मूल्य निर्धारण हुने गरेको छ ।

निगमले आइओसीबाट प्राप्त मूल्यमा यता सरकारले लगाएको कर थपिँदा पेट्रोलको खरिद मूल्य प्रतिलिटर १८२ रूपैयाँ ८१ पैसा, डिजेल प्रतिलिटर १६९ रूपैयाँ ४४ पैसा, मट्टितेल प्रतिलिटर ११३ रूपैयाँ ४९ पैसा, हवाई इन्धन (आन्तरिक) प्रतिलिटर १३१ रूपैयाँ ९४ पैसा, हवाई इन्धन (अन्तर्राष्ट्रिय) प्रतिलिटर ११४ रूपैयाँ ५१ पैसा र एलपी ग्यास प्रतिसिलिण्डर दुई हजार २४० रूपैयाँ ३४ पैसा पुगेको बताएको हो ।

निगमका अनुसार चैत महिनामा मात्रै पेट्रोलियम पदार्थको बिक्रीबाट १० अर्ब ६१ करोड नोक्सानी हुनेछ । निगमलाई मार्च १६ देखि ३१ सम्म पेट्रोलियम बिक्रीबाट ५ अर्ब ३० करोड ९८ लाख घाटा हुने उल्लेख गरिएको छ । यही अवधिमा पेट्रोलको बिक्रीबाट एक अर्ब सात करोड ९८ लाख, डिजेलको बिक्रीबाट तीन अर्ब १६ करोड ७२ लाख र एलपी ग्यासको बिक्रीबाट एक अर्ब २६ करोड ३७ लाख नोक्सानी हुने अनुमान गरिएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिए ।

आइओसीबाट प्राप्त मूल्यमा थपिएको सरकारी करका कारण पेट्रोलमा प्रतिलिटर ३२ रूपैयाँ ८१ पैसा, डिजेलमा ३६ रूपैयाँ ४४ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर ६६५ रूपैयाँ ३४ पैसा घाटा रहेको निगमको भनाइ छ ।

सरकारले भन्सार विन्दुमै पेट्रोलियम पदार्थको आयातमा विभिन्न शीर्षकको कर उठाउने गरेको छ । सरकारले पेट्रोलमा प्रतिलिटर ५९ रूपैयाँ ४८ पैसा, डिजेलमा प्रतिलिटर ४२ रूपैयाँ १६ पैसा, मट्टितेलमा प्रतिलिटर १३ रूपैयाँ ३६ पैसा, हवाई इन्धन (आन्तरिक)मा प्रतिलिटर १९ रूपैयाँ ४९ पैसा, हवाई इन्धन (अन्तर्राष्ट्रिय) मा दुई रूपैयाँ आठ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर २८० रूपैयाँ ३० पैसा कर उठाउँदै आएको छ ।

## देशभर...

शीतकालका अनेकौं रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदीक महत्व पनि छ। तराई क्षेत्रमा तीन दिन पूर्णिमाको भोलिपल्टसम्म मनाउने गरिन्छ। यस पर्वका उपलक्ष्यमा आजभोलि रमाइलोका निम्ति गाँजा, भाङ, जाँड-रक्सीजस्ता नशालु पदार्थको सेवन गरी गुन्डागर्दी गर्ने, शरीरमा प्रतिकूल असर गर्ने खालका रासायनिक पदार्थ प्रयोग गर्ने तथा सवारीसाधनमा समेत लोला हिर्काउने जस्ता विकृति समेत सरकारले नियन्त्रण गर्दै लगेको छ।

नेपालबाहेक विश्वका अन्य मुलुकमा पनि फागु पर्व मनाउने गरेको पाइन्छ। नेपाल, भारत, चीन, अमेरिका, श्रीलंका र इन्डोनेसियालगायत विभिन्न मुलुकमा विभिन्न नामबाट फागु पर्व मनाउने गरिएको छ। इटालीमा 'बेलियाकोनोन्स' नाममा एक-आपसमा सुगन्धित जल छर्की घाँसको विशेष प्रकारको रंगीचंगी आभूषण लगाएर खेल्ने गरिन्छ। चीनमा १५ दिनसम्म 'च्वेज' नामले यो पर्व मनाइन्छ। यस पर्वमा नयाँ लुगा र गहना लगाउने गरिन्छ।

अमेरिकामा 'होबो' नामले मनाइने फागु पर्वका अवसरमा त्यहाँका मानिसहरूले विभिन्न प्रकारका हास्यात्मक वेषभूषा लगाई प्रतियोगिताको आयोजना गर्दै मनाइन्छ भने श्रीलंका र इन्डोनेसियामा आगोको पूजा गरेर, म्यान्मा र थाइल्यान्डमा पानीको पूजा गरेर, बौद्ध मन्दिरमा भिक्षुलाई दान दिएर, जापान र इन्डोनेसियामा नयाँ अन्नलाई नाचगानका साथ स्वागत गरेर, चीनको युनानमा डाइनोसियस देवताको पूजा तथा नाचगान गरेर र इजिप्टमा हास्य, विनोद तथा नाचगान गरी मनाइन्छ।

यसैबीच होली पर्वको अवसरमा होली पर्वलाई मर्यादित बनाउन चितवन जिल्ला प्रशासन कार्यालयले रीतिरिवाज र परम्परा विपरीत उच्छृंखल क्रियाकलाप नगर्न आग्रह गरेको छ। जिप्रका चितवनले जारी गरेको सूचनामा सर्वसाधारणलाई दुःख दिने, इच्छाविपरीत रंग दल्ने, लोला तथा फोहर पदार्थले हान्ने, मादकपदार्थ सेवान गरेर अवाञ्छित क्रियाकलाप गरी शान्ति सुरक्षामा खलल पुग्ने गतिविधि नगर्न उल्लेख गरिएको छ।

प्रहरीले होली खेल्दा अण्डा, मोबिल, लोला तथा फोहर पानी प्रयोग नगर्न, मादकपदार्थ सेवन गरेर सवारीसाधन नचलाउन, सवारीसाधन तीव्रगति नचलाउन मोटरसाइकलमा दुईजना भन्दा बढी नचढ्न, अपरिचित व्यक्तिले दिएको खाने कुरा नखान, लागुऔषध सेवन नगर्न तथा चर्को आवाज आउने गरी डिजे गत र बाजा नबजाउ प्रहरीले आग्रह गरेको छ।

यसैबीच जिल्ला प्रशासन कार्यालय सुर्खेतले कानुनविपरीतका कार्य कसैको इच्छा विपरीत रंग नदल्न, लोला नहान्न र रासायनिक पदार्थ नछ्याप्न अनुरोध गरेको छ। जिप्रकाले सार्वजनिक अपिल जारी गर्दै होली मनाउने क्रममा व्यक्तिको धार्मिक तथा सांस्कृतिक मूल्य मान्यतामा आँच आउने क्रियाकलाप नगर्न सचेत गराएको छ। 'अटेर गरी कानुनले बन्देज गरेका गतिविधि भएको पाइएमा कारबाही गर्न बाध्य हुनेछौं' सुर्खेत प्रशासनले भनेको छ।

## ओलीकै...

यस आधारमा हेर्दा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को विभाजन, संघीय र प्रादेशिक सरकारहरुको विघटन, पुनः नेकपा (एमाले) को विभाजन र त्यस क्रममा उत्पन्न भएका अरु समस्या कम्युनिस्ट नेताका अयोग्यताका प्रत्यक्ष प्रमाण हुन्। विवाददेखि विभाजनसम्मको करिव एक वर्षे राजनीतिक मैदानमा उनीहरुले अनेकौं घटना जन्माए, कार्यकर्ताबीच दुश्मनीको आगो लगाए अनि कम्युनिस्ट पार्टी र सरकारलाई एकपति अर्को भीरबाट खसाले'- आफ्नै नेतृत्वविरुद्ध विद्रोह बोल्दै भूसाले लेखेका छन्।

'लोकतान्त्रिक स्थिरताको सबैभन्दा संवेदनशील मामिलामाथि खेलबाड गर्दै असंवैधानिक बाटोबाट संसद विघटन, त्यो पनि कम्युनिस्ट पार्टीको सबैभन्दा धृष्टता हो। पार्टी अनुशासनका हिसाबले पनि संसदको विघटनजस्तो मुद्दामा एक्लै निर्णय गर्नु गलत हो। अझ, कम्युनिस्ट पार्टीको अत्याधिक बहुमत भएको संसदको विघटनलाई कुनै पनि वामपन्थीले उचित ठहऱ्याउँन सक्दैन। परिणामस्वरुप पार्टी राजनीतिक रुपमा विभाजित भयो। संसदको विघटन र पार्टी फुटाइदिने फागुन २३ गतेको अदालती फैसला कुन दुरभिसन्धिको खेल थियो भन्ने कुरा भविष्यमा खुल्दै जाला। कमरेड ओलीले संसद विघटनको औचित्यबारे जतिसकै दलिल पेस गरे पनि यो संवैधानिक व्यवस्था रहुन्जेल त्यो दावी स्थापित हुन सक्दैन'- मंगलबारको एक राष्ट्रिय दैनिकमा उनले उल्लेख गरेका छन्।

**१. नाजायज स्वार्थको जगमा एकता** : संविधान जारी भएपछि नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को एकीकरणको सैद्धान्तिक र राजनीतिक आधार तयार भएको थियो। त्यस अर्थमा त्यो एकता ऐतिहासिक आवश्यकता थियो। त्यसका लागि कमरेड ओली र प्रचण्डले पहलकदमी लिएर ऐतिहासिक थालनी गरेका थिए। तर त्यसलाई निजी आकांक्षाहरुको बन्दोबस्त गर्ने अवसरका रुपमा प्रयोग गर्न उनीहरुले जेजे गरे, त्यसले पार्टी एकताको आधारलाई सुरुदेखि नै कमजोर बनायो। खासगरी उनीहरुले सत्ता साझेदारीको जुन गुप्त सम्झौता गरे, त्यो पार्टीको संस्थागत जीवनविरुद्ध सम्झौता थियो। उनीहरुबीच सम्झौता पालन नभएको अवस्थामा अथवा उनीहरुको स्वार्थ बाझिएको अवस्थामा पार्टी एकता जुनसुकै अवस्थामा पनि भत्किन सक्ने खतरा बोकेर एकीकृत पार्टी जन्म्यो। पार्टीभित्र करिब ९ महिनासम्म चलेको विवाद र कचिंगलपूर्ण घटना श्रृंखलाको जग नै कमजोर बन्यो। संक्षेपमा, आरम्भमै ती दुई नेताका नाजायज स्वार्थको बन्धक भएर नयाँ पार्टी जन्म्यो।

**२. संसदको विघटन** : नेपाली राजनीतिलाई अस्थिर पार्न खोज्ने शक्तिहरुले आक्रमण गर्ने हाम्रो लोकतन्त्रको मर्मस्थल हिजो पनि संसद थियो र आज पनि संसद नै हो। हाम्रो लोकतान्त्रिक स्थिरताको सबैभन्दा संवदेनशील मामिलामाथि खेलबाड गर्दै असंवैधानिक बाटोबाट संसद विघटन, त्यो पनि कम्युनिस्ट पार्टीको नेताबाट, अकल्पनीय धृष्टता हो। पार्टी अनुशासनका हिसाबले पनि संसदको विघटनजस्तो मुद्दामा एक्लै निर्णय गर्नु लगत हो। अझ, कम्युनिस्ट पार्टीको अत्यधिक बहुमत भएको संसदको विघटनलाई कुनै पनि वामपन्थीले उचित ठहऱ्याउन सक्दैन। परिणामस्वरुप पार्टी राजनीतिक रुपमा विभाजित भयो। संसदको विघटन र पार्टी फुटाइदिने फागुन २३ गतेको अदालती फैसला कुनै दुरभिसन्धिको खेल थियो भन्ने कुरा भविष्यमा खुल्दै जाला। कमरेड ओलीले संसद विघटनको औचित्यबारे जतिसकै दलिल पेस गरे पनि यो संवैधानिक व्यवस्था रहुन्जेल त्यो दाबी स्थापित हुन सक्दैन।

**३. फागुन २८ को कथित बैठक**: अदालतबाट नेकपा (एमाले) र माओवादी केन्द्र बनाइएपछि संसदमा नेपा एमालेका १२१ सिट थिए र फेरि कुनै पनि बेला कम्युनिस्ट गठबन्धनको सरकार बन्न सक्थ्यो। कम्तीमा नेकपा एमालेको नेतृत्वको सरकार बन्ने त ग्यारेन्टी नै थियो। ठीक त्यही बेला, ढिलो नगरीकन, हतारहतारमा कमरेड ओलीले आफ्नो गुटको बैठक बोलाएर नेकपा एमालेको केन्द्रीय कमिटी विघटन गरेको र आयोजक कमिटी बनाएको घोषणा गरे। त्यसको अर्थ उनको गुटले पार्टी कब्जा गऱ्यो। त्यसपछि विवाद बढ्दै गएर अन्ततः फेरि संसदको विघटन र स्वयं एमालेका समेत सांसदहरुद्वारा अदालतमा मुद्दा पुग्यो। लोकतान्त्रिक स्थिरतामाथि अरु खतरा बढ्दै गयो। नेतृत्वबाटै एकपछि अर्को गरी पार्टी, विधि, पद्धतिको उल्लंघन हुँदै गयो। यसैक्रममा पार्टी र संसदीय दलको विधानको उल्लंघन गर्दै यो पंक्तिकार समेत सांसदहरु अदालत पुगे। संक्षेपमा, फागुन २८ गतेको कथित बैठकले नेकपा (एमाले...)लाई फेरि वाम गठबन्धनको नेता बन्ने ठाउँबाट तल झाऱ्यो। यस तथ्यलाई पनि कसैले इन्कार गरेको छैन, गर्न सक्दैन।

**४. अध्यादेशमा पार्टी गठन** : आफ्नै प्रत्यक्ष निर्देशनमा भएको १० बुँदे सहमतिलाई लत्याएर कमरेड माधव नेपालले सम्भवतः आफ्नो जीवनको सबैभन्दा ठूलो गल्ती गरेका छन्। कमरेड ओलीले जारी गरेको ४० प्रतिशत सांसदले पार्टी विभाजन गर्न पाउने सम्बन्धी अध्यादेशको विरोध गर्नेमा कमरेड माधव नेपाल पनि अगाडि थिए। त्योभन्दा अझ घातक २० प्रतिशत सांसदले पार्टी विभाजन गर्न पाउने अध्यादेशका आधारमा कमरेड माधव नेपालले अर्को पार्टी खोलेर कम्युनिस्ट आन्दोलनको सेवा गरेका थिए भन्ने कुरा धरतीको कुनै पनि इजलासले भन्न सक्नेछैन। ढिलो वा चाँडो, कमरेड माधव नेपालले कठघरामा उभिएर यसको प्राश्चित गर्नुपर्नेछ।

समग्रतामा पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल र खड्ग ओलीको आलोचना गर्दै 'कम्युनिस्ट एकता' मा जोड दिइको र त्यसका सम्भावना तथा चुनौतीबारे विश्लेषण गरिएको आलेखमा मूलतः ओलीकै उद्दण्डता, अयोग्यता र बदमासीमाथि हमला गर्दै भूसालले लेखेका छन्- 'जुवा खेलको पनि समय हुन्छ, नियम हुन्छ भनिन्छ' जब जुवाडेहरुले समय र जुवाका नियम समेत उल्लंघन गर्छन्, त्यो भोरजुवामा परिणत हुन्छ। यति लामो इतिहास र समृद्ध परम्परा भएको कम्युनिस्ट आन्दोलनका नेताहरुले पार्टीको एकीकरणदेखि विभाजनसम्म जे-जस्ता चर्तिकलाको नग्न प्रदर्शन गरे त्यो पकारान्तरले हाम्रो लोकतान्त्रिक स्थिरता, समृद्धि र समाजवाद, कम्युनिस्ट आन्दोलनको भविष्यमाथि लेखिएको भोरजुवा नै थियो।'

## सुक्खा मौसम : आगलागीमा सावधानी अपनाउन आग्रह



**काठमाडौं।** सुक्खा मौसम आरम्भ हुनासाथ हावाहुरीका कारण हुनसक्ने आग्लागीबाट सावधानी हुन सचेत गराइएको छ। अहिले सुक्खा मौसममा हावाहुरी चल्ने, घर, पसल, कार्यालय र वनलगायत क्षेत्रमा आगलागी भई जनधनको ठूलो क्षति हुने गरेको विगतको तथ्य स्मरण गराउँदै नेपाल प्रहरीले विशेष सावधानी अपनाउन अनुरोध गरेको हो।

महानगरीय प्रहरी परिसर काठमाडौंले एक सूचना जारी गरी मुख्यतः चैत, वैशाख र जेठ महिनाका करिव सयदिन आगलागीका विपदजन्य घटना बढी हुनसक्ने भएकाले त्यस्ता घटना हुन नदिन र भइहालेमा पनि कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाउन आग्रह गरेको छ।

आगलागीका घटना नियन्त्रण र क्षति न्यूनीकरणका लागि नेपाल प्रहरी प्रयासरत रहेको जानकारी दिँदै परिसरका प्रवक्ता दिनेशराज मैनालीले केही कुराहरूमा ध्यान दिनसके आगलागी नहुने र भइहालेमा पनि कम क्षतिमा नियन्त्रण गर्न सकिने जानकारी दिए। सावधानीका उपायबारे नेपाल प्रहरीले ११ बुँदे ध्यानाकर्षण समेत सार्वजनिक गराएको छ।

सुक्खा मौसममा सलाई, लाइटर, ग्याँस सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारी पूर्वक प्रयोग गर्न र काम सकिएपछि सुरक्षित साथ राख्न अनुरोध गरिएको छ। परिसरले विद्युतजन्य सामग्री (हिटर, गिजर, पंखा, आइरन, एसी आदि)लाई काम सकिएपछि बन्द गर्न, एउटा पावर सकेटबाट धेरै पावर चाहिने उपकरण प्रयोग नगर्न, पूजाकोठामा सिन्के र बाटेको धुप, भान्सामा कोइला, लामखुट्टे भगाउन क्वाइल बालेर नछाड्न र आगलागी वा धुवाँ भएको स्थानबाट बाहिर निस्कनुपर्दा घोप्टो परेर अथवा घस्रेर निस्कन अनुरोध गरेको छ।

सोही क्रममा ग्याँस सिलिण्डरमा आगो लागेमा जुटको बोरा वा ब्ल्यांकेटले सिलिण्डरलाई ध्वाप्प छोप्न, ग्यास चुल्हो बाल्नु अगाडि भान्साको झ्याल, ढोका खोली ग्यास लिक भए/नभएको यकिन गरी प्रयोग गर्न, वनमा डढेलो नलगाउन, वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा राम्रोसँग निभाउन समेत प्रहरी आग्रह गरेको छ। प्रहरीले आगलागी भइहाले थाहा पाउनसाथ प्रहरी कन्ट्रोल १०० र दमकल सेवा १०१ मा जानकारी गराउन आग्रह गरेको छ।

## चुनावको मिति घोषणा भएसँगै टोलटोलमा राजनीतिक गतिविधि

**भरतपुर।** आसन्न स्थानीय चुनावमा घोषणा भएसँगै आ-आफ्ना राजनीतिक एजेन्डा लिएर गाउँगाउँमा पुग्न थालेपछि चुनावी सरगर्मी बढेको छ। जिल्ला, क्षेत्र, प्रदेश, पालिका, वडाहुँदै टोलसम्म राजनीतिक दलका समिति बन्ने काम धमाधम भइरहेका छन्।

जिल्लाका प्रमुख दलहरूले टोलमा भेला गरेर समिति बनाउने र निर्वाचन केन्द्रित अभियान सुरु गरेका हुन्।

आगामी बैशाख ३० गतेका लागि मुलुकभरका ७७ वटै जिल्लामा एकैसाथ चुनाव गर्ने मिति घोषणा भएसँगै नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टीसहितका राजनीतिक दलहरुले आ-आफ्ना गतिविधि बढाइरहेका छन्।

चुनाव मिति घोषणा भइसकेको अवस्थामा माओवादी केन्द्रले चुनाव केन्द्रित अभियान थालेको छ। टोल तहसम्म एकाध ठाउँबाहेक अन्यत्र समिति बनाउने काम भएको जिल्ला अध्यक्ष यमबहादुर परियारले बताए। जनवर्गीय संगठनको तल्लो तहमा समिति बनाउने काम भइरहेको उनको भनाइ छ। मोर्चा गठन, भेला सम्मेलनमा आफू केन्द्रित भएको परियारले जानकारी दिए।

यसै हप्ता जिल्ला समितिको बैठक बसेर टोल-टोलमा अभियान, घर-घरमा माओवादी भन्ने अभियानका साथ पार्टी टोलटोलमा पुग्ने काम थालिएको उनले जानकारी दिए। जिल्लाभर २५ हजार संगठित सदस्य रहेको माओवादी केन्द्र यतिबेला चुनावी मैदानमा होमिएको छ।

महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं